वर्ष : १४, अंक : २६, काठमाडौं, २०७५ असोज २६ गते शुक्रबार 12 October 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

## मंगलमय शुभकामना

विजया दशमीको अवसरमा हाम्रा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, शुभेक्छुक तथा सम्पूर्ण नेपालीहरूमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**मधेशवाणी परिवार**

हाम्रो आगामी भेट कार्तिक ९ गते हुनेछ ।

# ज्ञापन पत्रको भरमा चलेको राजनीति

## न नीति स्पष्ट छ, न त नेता नै

**मधेशवाणी डेस्क**

काठमाडौं । केपी ओलीलाई समर्थन दिएर प्रधानमन्त्रीमा जिताउन मद्दत गरेको राजपा नेपालले बितेको पाँच महिनामा मात्र तीन पटक सरकारलाई ज्ञापन पत्र बुझाएको छ । उसले फरक मितिमा करिब करिब एकै प्रकृतिको पत्र प्रधानमन्त्रीलाई बुझाए पनि सरकारको तर्फबाट कुनै सकारात्मक 'रेस्पोन्स' आएको छैन ।

राजपाले पहिलो पटक २०७५ जेठ ८ मा बजेटलाई लिएर प्रधानमन्त्री ओलीलाई सातबुँदे मागपत्र बुझाएको थियो । ती माग राजनीतिक विषयवस्तुभन्दा पनि आर्थिक विषयसँग सम्बन्धित थियो । त्यति बेला राजपाले जनसंख्याका आधारमा बजेट विनियोजन गर्नु पर्ने माग गरेको थियो ।

बाढीबाट प्रभावितहरूको अवस्था अहिले पनि दयनीय रहेको भन्दै राजपाले बाढी पुनर्निर्माण तथा पुनर्स्थापनालाई प्राथमिकता दिन पनि सरकारलाई आग्रह गरेको थियो ।

त्यसपछि उसले संविधान संशोधन गर्न माग गर्दै २०७५ साउन ३ गते दोस्रो पटक प्रधानमन्त्रीलाई १० बुँदे ज्ञापन पत्र बुझायो । ज्ञापन पत्रमा राजपाले राजनीतिक मागका साथै मधेशी जनताको जनजिविकाका सवाल पनि उठाएका थिए । त्यति बेला निकै जोशका साथ प्रधानमन्त्रीलाई भेट्न बालुवाटार पुगेका राजपाका नेताहरू प्रधानमन्त्रीको एक वाक्यबाटै निस्तेज निःशब्द भएर फर्केका थिए । प्रधानमन्त्रीले दिएको जबाबको खण्डन गर्न पनि राजपाका नेता सकेका थिएनन ।

राजपाको ज्ञापन पत्र बुझ्दै प्रधानमन्त्री ओलीले राजपाले पहिला उठाएका कतिपय माग असान्दर्भिक भइसकेको र मधेशको विकासका लागि मानसिकता पनि परिवर्तन गर्नुपर्ने सुझाव दिएका थिए । मधेशको समग्र विकासका वृहत् योजना बनाउने प्रस्ताव पनि प्रधानमन्त्रीले गरेका थिए ।

२०७५ असोज २२ गते तेस्रो पटक राजपाले सात बुँदे ज्ञापन पत्र बुझाएर पहिलेभन्दा पृथक ढंगले प्रस्तुत भएको छ । प्रधानमन्त्री ओलीलाई प्रधानमन्त्री बनाउनमा आफूहरूले पनि समर्थन



गरेको नरक भाषा प्रयोग गर्दै राजपाले समर्थन फिर्ता लिनसम्मको धम्की पनि दिएका छन् ।

राजपा नेपाल अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुर नेतृत्वको टोलीले प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझाउँदै सरकारलाई समर्थन किन गर्ने भन्ने प्रश्न सोधेका थिए । सरकार गठन भएको सात महिना भईसक्दा समेत आफूहरूले उठाउँदै आएको माग सम्बोधन नभएको भन्दै सरकारलाई दिएको समर्थन फिर्ता किन नलिने भन्ने प्रश्न राजपा नेपालले प्रधानमन्त्री ओलीसँग गरेको थिए ।

संबिधान संशोधन, सांसद रेशम चौधरीको सपथ एवम् रिहाई, मधेश आन्दोलनका क्रममा लगाईएको झुठा मुद्दा फिर्ता लगायतका विभिन्न माग राजपा नेपालले ज्ञापनपत्रमा उल्लेख गरेको छ । यी माग सम्बोधन गर्ने आश्वासनमा राजपा नेपालले प्रधानमन्त्री ओलीलाई समर्थन गर्दै संसदमा बिश्वासको मत दिएको थियो । तर सरकार गठन भएको सात महिना बितिसक्दा पनि सरकारले कुनै छलफल वा सो माग सम्बोधन गर्नका लागि पहल नै गरेको छैन ।

राजपा नेपालका महासचिव केशव झाले आफूहरूले उठाउँदै आएको माग सम्बोधन नभएको अवस्थामा सरकारलाई दिइएको समर्थन दशै, तिहार पछि फिर्ता लिने बताए । मधेशवाणीसँग कुराकानी गर्दै झाले सरकारलाई दिएको समर्थन फिर्ता लिएर पार्टी आन्दोलनमा जानसक्ने बताए ।

'संघीय सरकारलाई दिएको समर्थन फिर्ता हुन सक्छ, हामीले उठाउँदै आएको माग सम्बोधन नभए यो सरकारलाई किन समर्थन दिईराख्ने ?' झाले भने, 'माग पनि सम्बोधन नगर्ने र कार्यकर्ता तथा जनताको गाली खाएर समर्थन पनि दिईराख्ने काम पार्टीले गर्दैन् ।'

सरकारलाई समर्थन दिएको राजपा नेपालले प्रधानमन्त्री ओलीलाई माग सम्बोधन गर्नका लागि सरकारलाई दबाब दिदै आएको छ । तर सरकारले राजपाको माग सम्बोधन गरेपछि राजपा भित्र सरकारलाई दिएको समर्थन फिर्ता लिनुपर्ने माग उठेको छ ।

संघीय सरकारलाई दिएको समर्थन राजपाले फिर्ता लिए पनि प्रदेश २ सरकारमा आफ्नो सहभागिता रहिरहने जनाएको छ । प्रदेश २ मा राजपा नेपाल र संघीय समाजवादी फोरम नेपालको संयुक्त सरकार छ । फोरम संघीय सरकारमा समेत सहभागि छ ।

राजपाले एक पछि अर्को गर्दै सरकारलाई ज्ञापनपत्र बुझाए पनि अघिल्लो पटक बुझाएको ज्ञापनपत्रको समीक्षा नगरेको स्पष्ट हुन्छ । उसले यसअघि बुझाएको ज्ञापनपत्रको विषयमा सरकारले के गर्दैछ, उसको योजना के हो ? त्यो नबुझी मात्र कार्यकर्ता खुशी पार्न ज्ञापनपत्र बुझाएको जस्तो देखिन्छ ।

उदाहरणका लागि जेठ ८ जनसंख्याका आधारमा बजेट विनियोजन गर्नु पर्ने माग राजपाले गरे पनि त्यसको विषयमा उसले कुनै सोधखोज गरेको छैन ।

संविधान संशोधन उसको मुख्य चासोको विषय हो । संविधान संशोधनकै नाममा संघीय समाजवादी फोरम सरकारमा पनि सहभागी भएको छ । दुवै मधेशी दलको चासो एउटै रहे पनि त्यस विषयमा उनीहरूबीच आन्तरिक संवाद भएको छैन । एउटै विषयमा दुई दल फरक धारमा रहेपछि यसले सरकारमाथि कम दबाब सिर्जना गर्छ ।

यद्यपी राजपाको प्रसंगमा उसले आफ्नो कार्यनीति स्पष्ट पार्न सकेको छैन । सरकारलाई दिएको समर्थन फिर्ता लिने/नलिने भन्ने बारे स्वयं दलका शीर्ष नेतृत्व स्पष्ट छैन । अहिले पनि राजपाले संविधान संशोधनका लागि चर्को दबाब दिनुको सट्टा समर्थन फिर्ताको कुरा पनि नरम स्वरमा गर्नु भनेको उसको सत्ताप्रतिको आशक्ति देखाउँछ ।

## "प्रदेश प्रहरी विधेयक चाँडै पारित हुन्छ"

जनकपुर । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले संविधानको भावना बमोजिम प्रदेश प्रहरी गठन गरिने बताएका छन् । प्रहरी दिवसको अवसरमा प्रदेश प्रहरी कार्यालय प्रदेश नं. २ जनकपुरधामले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री राउतले प्रदेश प्रहरी विधेयक चाँडै प्रदेशसभाबाट पारित हुने बताए ।

प्रहरी प्रणालीलाई पुनर्संरचना गरी मुलुकमा सक्षम, सुदृढ र व्यवसायिक प्रहरी संगठनको रूपमा रूपान्तरण गर्नु आवश्यक्ता रहेकोमा राउतले जोड दिए । 'समायोजन, सहकार्य र समन्वय संघीय प्रहरी ऐन बमोजिम नै हुने छ', राउतले भने ।

संविधानले सहकार्य र सहअस्तित्वको परिकल्पना गरेकोले प्रदेश सरकारले प्रदेश प्रहरी गठन गर्न लागेको बताउँदै उनले प्रहरी संगठनले परिवर्तित परिवेशको भावना अनुरूप कार्य गर्ने विश्वास लिएको उल्लेख गरे । आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादवले अवशेषमुखी प्रहरी संरचनालाई आधुनिकीकरण गर्नुपर्नेमा जोड दिए ।

## राजन मुक्तिको संयोजकत्वमा वार्ता टोली

काठमाडौं । जनतान्त्रिक तराई मुक्ति मोर्चाले विगत पाँच वर्षदेखि कारागारमा बन्दी जीवन बिताइरहेका मोर्चाका पूर्वअध्यक्ष तथा वरिष्ठ नेता राजन मुक्ति भनिने रंजित कुमार झाको नेतृत्व वार्ता टोली गठन गरेको छ । सरकारले मन्त्रिपरिषद्स्तरीय निर्णयबाट विद्रोही समूहहसँग वार्ताका लागि सोमप्रसाद पाण्डेको नेतृत्वमा गठन गरेको अधिकार सम्पन्न उच्चस्तरीय वार्ता टोलीले बन्दी जीवन बिताइरहेको राजन मुक्तिकै नाममा पत्र पठाएकोले आफूहरूले पनि सोहीअनुसार वार्ता टोली सार्वजनिक गरेको मोर्चाका अध्यक्ष मनोज मुक्ति विवेकले मधेशवाणीलाई बताएका छन् ।

मोर्चाको वार्ता टोलीको संयोजक झुम्का कारागारमा रहेका राजन मुक्ति, सदस्यहरू सप्तरी कारागारमा रहेका प्रवेश मुक्ति भनिने लक्ष्मण यादव, जलेश्वर कारागारमा रहेका लालरत्न मुक्ति भनिने निरञ्जन चौधरी, भिमफेदी कारागारमा रहेका शशि मुक्ति भनिने सुनिल कुमार अधिकारी र झुम्का कारागारमा रहेका अजय मुक्ति भनिने दिपक कुमार सिंह रहेका छन् । मोर्चाको वार्ता टोलीमा रहेका सबै सदस्यहरू अहिले कारागारमा छन् । सरकारले वार्ता गर्न चाहेको छ भने ती सबै सदस्यहरूलाई रिहा गर्नुपर्ने हुन्छ । र, मोर्चाको पहिलो माग नै वार्ताको वातावरण बनाउन बन्दीहरूको रिहाई रहेको छ । अब हेर्न बाँकी छ कि सरकारी वार्ता टोली वास्तवमै वार्ता गर्न इच्छुक छ भने ती बन्दीहरूको रिहाई पहिलो काम गर्नुपर्ने हो । यता, सरकारी वार्ता टोलीका संयोजक सोमप्रसाद पाण्डेले विद्रोही समूहहरूसँग वार्ताका लागि हरसम्भव प्रयास गर्ने मधेशवाणीसँगको कुराकानी बताए ।

## शहीदका छोरालाई नियुक्ति

जनकपुरधाम । तेस्रो मधेश आन्दोलनका शहीदका छोरालाई प्रदेश २ को सरकारले नियुक्ति दिएको छ । शहीद उमेश कापरका छोरा राजकुमार कापरलाई प्रदेश २ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा कार्यालय सहयोगीको रूपमा मन्त्री रामनरेश रायले नियुक्त गरेका हुन् । महोत्तरीको मनरासिसवा-८ का राजकुमारलाई बिहीबार मन्त्री रायले नियुक्तिपत्र दिएका हुन् । प्रदेशसभा सदस्य रानी शर्मा तिवारीको विशेष पहलमा शहीद कापरका छोराको शैक्षिक योग्यताको आधारमा मन्त्रालयमा नियुक्ति दिइएको हो ।

## सीकेमाथि पुनः राज्यविप्लबको मुद्दा



रौतहट । मधेशलाई छुट्टै राष्ट्र बनाउने विखण्डनकारी अभियान चलाउँदै आएका स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा. सीके राउतमाथि पुनः राज्यविप्लबको मुद्दा चलाउने तयारी भइरहेको छ । राज्यविप्लबकै मुद्दामा उनलाई विशेष अदालत र जिल्ला अदालतहरूले यसअघि पनि पटक-पटक सफाई दिँदै आएको छ । गत आइतबार सोही मुद्दामा रौतहटको जिल्ला अदालतमा पेशीका लागि गएको बेला उनलाई प्रहरीले पक्राउ गरेको थियो । प्रहरीसँग ठोस प्रमाण नहुँदा पटक-पटक पक्राउ र रिहा हुने क्रम चलिरहेको छ । तर, यसपटक उनीमाथि कडा अनुसन्धान भइरहेको स्रोतले जनाएको छ । गौरबाट डा. राउतसहित चारलाई पक्राउ गरेको थियो । चारै जनामाथि राज्यविप्लबको मुद्दा चलाउने तयारी भइरहेको छ ।



### सीके राउतसँग वार्ता हुँदैन

– सोमप्रसाद पाण्डे

### वार्ताको टेबुलमा बस्ने वातावरण बन्दै गइरहेको छ



– डा.मनोज मुक्ति "विवेक"

अन्तर्वार्ता पृष्ठ ३ मा








## सम्पादकीय



# दशैंको शुभकामना

हिन्दूहरूको महान पर्व विजया दशमी शुरू भइसकेको छ। १५ दिन लामो यो पर्वलाई सद्भावको मात्र नभएर असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा समेत मनाइने गरेको छ। यो आस्थाको प्रतीक मात्र नभएर शक्ति, सहिष्णुता, सद्भावलगायतप्रतिको समर्पण पनि हो। पौराणिक कथाहरूमा दशैं पर्वका अनेकन महिमा छन्। यसको धार्मिक आस्था एकातिर छ। धर्मसंगै दशैंजस्ता पर्वलाई वर्षभरी कामको थकानबाट मुक्ति पाउन केही दिन रमाइलो गर्ने पर्वका रूपमा पनि व्याख्या गरेको पाइन्छ। जसले जसरी व्याख्या गरेपनि परापूर्वदेखि मनाइदै आएको यो पर्वलाई राज्यले समेत महत्व दिएको देखिन्छ। लामो बिदा यसको कारण हो। सामाजिक-सांस्कृतिक मेलमिलाप, पारस्परिक सद्भाव, भाइचारा, सहअस्तित्व, बन्धुत्व र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्न सघाउनु अहिलेको आवश्यक्ता हो। दशैंले पनि यिनै सामाजिक भूमिका निर्वाह गर्नुपर्दछ। दशैं नवीन सृजनाका लागि एउटा महत्वपूर्ण अवसर बन्नु पर्दछ र यसले ठूला-साना, हुने-नहुने, धनी-गरिब सबैलाई जीवनदायिनी ऊर्जा प्रदान गर्न सक्नु पर्दछ।

दशैंका लागि उपलब्ध गराइएको लामो सरकारी विदालाई केवल मनोरञ्जनका लागि मात्र नभई तथा अन्य अनुत्पादक काममा प्रयोग गर्नु गलत हुन्छ। यसको सट्टा उक्त समयलाई आ-आफ्नो गाउँठाउँको विकासका लागि के गर्न सकिन्छ, कुन कामका लागि कसको के सहयोग जुट्न सक्छ, स्थानीय र बाह्य श्रोतलाई के कसरी परिचालन गर्न सकिन्छ भनेर छलफल चलाउने र प्रभावकारी योजना बनाउने काममा लगाउनु उपयुक्त हुन्छ।

यससँगै सामाजिक सद्भावसँगै यसवर्ष देशैले धेरे सुखद सन्देश लिएर आएको छ। मुलुकमा संघीयता, गणतन्त्रजस्ता ऐतिहासिक परिवर्तन संस्थागत हुँदैछन्।

**यो दशैंपछि मधेशले संविधान संशोधनमार्फत गतिलो सन्देश प्रवाह गर्ने विश्वास गर्न सकिन्छ।**

संविधानसभाबाट बनेको संबिधान कार्यान्वयनको चरणमा छ। तिनै तहको निर्वाचन सम्पन्न भएर तीन तहको सरकार बनेको छ र मुलुकमा नया जनादेशसहित नयाँ युगमा प्रवेश गरेको छ। अब तीनै तहको सरकार मार्फत् मुलुकमा आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका एजेण्डा मुख्य बनेका छन्। यी एजेण्डालाई जनतामाझ पुऱ्याउनु यो दशै पर्व पनि शुत्राधार बन्न सक्नुपर्छ।

देशले यहि असोज ३ गते संविधानको तेस्रो वार्षिकोत्सव मनाएको छ। तर त्यहि संविधान अहिले मधेशमा सर्वस्वीकार्य भएको छैन। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको तीनबर्ष पूरा भए पनि यसको विपक्षमा अहिले पनि उस्तै माहोल छ। नेपाली जनताले आफैले चयन गरेका प्रतिनिधि मार्फत संविधान प्राप्त गर्ने सात दशक लामो चाहनाले २०७२ असोज ३ गते मुर्तरूप पाउँदा पनि मधेशमा त्यसको संशोधनको मुद्दा अहिले पनि जिवितै छ।

संविधान जारीसँगै संक्रमणकालिन राजनीतिक ब्यवस्थाको अन्त्यका साथै मुलुकले आर्थिक समृद्धिको बाटोमा जाने प्रयत्न गरिरहँदा जबसम्म त्यसले संशोधनमार्फत मधेशको आकाक्षांलाई परिपूर्ति गरिदैन, तबसम्म समृद्धि र विकासले गति लिन सक्दैन॥

विविधताबीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्दै सबै प्रकारका विभेद अन्त्य गरी समानतामूलक समाजको निर्माण गर्ने संकल्प संविधान मार्फत गरिएको छ। संविधानले परिकल्पना गरे अनुसार नै ७ सय ५३ स्थानीय, सात वटा प्रदेश र एउटा संघीय सरकार बनेका छन्। तीनै तहका सरकार मार्फत जनताले सेवा पाइरहेका छन्। तर, जारी हुँदाका बखत नै संविधानसभा बहिष्कार गरेका मधेशी दलले यतिबेला पनि चित्त बुझाउन सकेका छैन्। हुनत् एक पटक संविधान संशोधन गरिए पनि सरकारको समर्थन गरेका दलले नै अहिले पनि संविधान संशोधनको मुद्दा प्रमुख रूपमा उठाइरहेका छन्।

उनीहरूको मागलाई तत्काल सम्बोधन हुने गरी आउँदो शीतकालीन अधिवेशनमा सरकारले प्रस्ताव ल्याएर मधेशको भावनालाई सम्बोधन गर्नुपर्छ। पहिलेदेखि नै संविधान संशोधनप्रति सकारात्मक रहँदै आएको नेकपा माओवादी केन्द्र केन्द्र पछिल्लो समय एमालेसँग सहकार्य गरेपछि एमाले पनि सकारात्मक भएको छ। अब यो सकारात्मक पक्षलाई नेपाल कम्युनिष्ट पार्टीले कार्यान्वयन हुने गरी सरकारलाई पनि घच्घाउनुपर्छ। यो दशैं पछि मधेशले संविधान संशोधनमार्फत गतिलो सन्देश प्रवाह गर्ने विश्वास गर्न सकिन्छ। यस पटकको दशैं सबैलाई भलो गरोस्। शुभकामना !

## साताको सात बात



नेपाल प्रहरीको देशप्रेम, इमान्दारिता र कर्तव्यनिष्ठा प्रशंसनीय रहेको छ। कर्मठ प्रहरीले अपराध नियन्त्रण र अमनचयन कायम राख्न पुर्याएको योगदानको म प्रशंसा गर्छु। साख जोगाउन नेपाल प्रहरी थप व्यवसायिक हुन जरूरी छ। **केपी शर्मा ओली, प्रधानमन्त्री**



विचारधीन मुद्दामा समाचार खोतल्दा मानवअधिकार र न्यायिक प्रक्रियामाथि नै क्षति पुग्छ आगामी दिनमा यस्तो समाचार नलेखिदिनु होला। न्यायलय सुधारका लागि सबै पक्षको सहयोग आवश्यक छ सहकार्य गर्दै अगाडि बढौं। **ओमप्रकाश मिश्र, प्रधानन्यायाधीश**



स्थानीय र संघीय सरकार सुविधाजनक ढंगले संचालन भए पनि प्रदेश जीवन्त बन्न सकिरहेको छैन। प्रदेश पूर्ण कार्यान्वयनमा आइसकेको देखिँदैन। आगामी दिनमा प्रदेशले सर्वसाधारणले महसुस गर्ने गरी काम गर्छ भन्ने विश्वास लिएको छु। **उमाकान्त झा, प्रमुख, प्रदेश ५**



'पार्टीले निर्णय गर्यो भने वामदेव गौतमका लागि म पनि छोड्न तयार छु। पार्टीले निर्णय गरे हामी जति निर्वाचित सांसद छौं, जसले पनि छोड्न तयार हुनुपर्छ। हाम्रो पार्टीको निर्णय अगाडि व्यक्तिको केही चल्दैन। यो दुई तिहाइको सरकारले अब ५ वर्ष देश र जनताको हितमा काम गर्नेछ। **रघुवीर महासेठ**



समृद्ध नेपाल र प्रदेश निर्माणका लागि पर्यटन क्षेत्रको अत्याधिक विकास र प्रव्रर्द्धन हुन जरूरी रहेको छ। पर्यटन क्षेत्रको प्रशस्त सम्भावना ग्रामीण क्षेत्रमा रहेको हुनाले गाउँहरूमा व्यवस्थित रूपमा होमस्टे सञ्चालन गरिनु अहिलेको आवश्यकता हो। **डोरमणी पौडेल, मुख्यमन्त्री, प्रदेश ३**



जनताको काम प्रभावकारी भएन भने सरकारसँग गुनासो गर्न पाईन्छ। नीतिमा कहाँ त्रुटि छ, बसौं, छलफल गरौं र सुधार गरौं तर नीति यस्तो भयो उस्तो भयो भनेर उद्योगव्यवसायीहरूले सरकारलाई मात्र दोष देखाउनु समस्याको समाधान होइन। **मातृकाप्रसाद यादव, मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री**



छठसम्म हामीले भनेअनुसारका माग पूरा नभए सरकारलाई दिएको समर्थन फिर्ता लिन्छौं। अहिलेको सरकारले कामभन्दा बढि भाषण गर्ने गरेको छ। तोकिएको समयसिमाभित्र माग पूरा गराउन सरकारसँग माग गर्छौं। **लक्ष्मणलाल कर्ण, नेता, राष्ट्रिय जनता पार्टी नेपाल**

# बहुराष्ट्रिय राज्य नेपाल र तनावको चुरो



**सन्तोष मेहता**

संविधान प्रतिको अपनत्व एवं स्वामित्व नहुनु पछाडि संविधानसभाको प्रमुख स्टेकहोल्डर तत्कालीन मोर्चालाई संविधान निर्माण प्रक्रियामा समेत सामेल नगराइनु त हुँदै हो, पहिचानवादी तथा मधेशको पक्षमा कन्टेन्ट पनि नहुनु हो। वास्तवमा यस्तो परिस्थितिको असली चुरो के त विश्लेषण आवश्यक छ।

राजपा नेपाल हालै सरकारलाई संविधान संशोधन लगायतको विषयमा ज्ञापन पत्र बुझाएको छ। संविधान संशोधन मध्येको सीमांकन पुनः रेखांकन अति महत्वपूर्ण विषय हो। यसो हुन नसके द्वन्द्वको समाधान पनि हुन सक्तैन। के हो त हालका सीमांकन, बिकृत हुनुको चुरो र अर्को सीमांकन माग पछाडिको मनोविज्ञान ?

संसारमा हुने ठुलठूला शान्तिपूर्ण अहिंसात्मक आन्दोलन हारेको इतिहास बिरलै पाइन्छ। पाइए पनि तत्पश्चात् आन्दोलनको स्वरूप र डिमान्ड अझ ऱ्याडिकल भएको र त्यसको परिणाम पनि अझ अनपेक्षित हुने गरेको पाइन्छ। नेपालमा पनि ऐतिहासिक मधेश/थरूहट आन्दोलन हारेको/दबाइको पश्चात् कतिपय व्यक्ति वा विशेषवर्ग खुसी भए होलान्, अब नेपालको राजनीतिक समस्या समाधान भए भनेर ठाने होलान्। तर त्यसो बुझ्नु ठूलो भुलमा फस्नु हुनेछ, मुलुकको अहितमा सोच्नु हुनेछ।

तत्कालीन मधेशी मोर्चाले संघर्षको कार्यक्रमहरू घोषणा गरे लगत्तै सत्तापक्षले पनि उक्त संघर्ष फितलो हुने गरी प्रतिसंघर्षका कार्यक्रमहरू गर्दै अन्ततः संसारमा विरलै भएको मधेशी-थारू जनताको शान्तिपूर्ण अहिंसात्मक संघर्षलाई बेवास्ता गरी लोकतन्त्रको सामान्य मूल्यमान्यताको समेत धज्जीया उडाइदिएको थियो। संसारमा कतै पनि आन्दोलनरत् जनताको प्रतिकारमा राज्यपक्ष यसरी क्रूर तरिकाले उभिएको थिएन होला।

राज्य पक्ष र आन्दोलनरत पक्ष विभाजन र तनावको मूल कारण बनेको थियो संघीयतामा सीमांकन र यसको निर्णय गर्ने आधार एव विधि। तर सत्तापक्ष जबर्जस्ती गणितकै गर्भबाट अस्वस्थ्य संविधान जन्माए, जसलाई गर्भमै सामान्य संशोधन समेत गर्नुपरेको थियो।

राजपा नेपाल अर्थात तत्कालीन मधेशी मोर्चालगायत पहिचानवादी दलहरूसँग विगतमा भएका सम्झौता अनुरूप एवं अन्तरिम संविधानको भावनाअनुरूप सहमतिको गर्भबाट मात्र स्वस्थ संविधान जन्मिन सक्ने अवस्था प्रशस्त हुँदाहुँदै पनि अपाङ्ग, अस्वस्थ संविधान जबरजस्ती मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम, महिला, दलित उपर लादेका छन्। तनावको चुरो यहि हो। संविधान प्रतिको अपनत्व एव स्वामित्व नहुनु पछाडि संविधानसभाको प्रमुख स्टेकहोल्डर तत्कालीन मोर्चालाई संविधान निर्माण प्रक्रियामा समेत सामेल नगराइनु त हुँदै हो, पहिचानवादी तथा मधेशको पक्षमा कन्टेन्ट पनि नहुनु हो। वास्तवमा यस्तो परिस्थितिको असली चुरो के त विश्लेषण आवश्यक छ।

क. राजनीतिक टकरावको चुरो :

नेपालमा करिब एक सय २५ जातजाति र भाषाभाषी भए पनि मूलतः तिनीहरूलाई चार वटा प्रजातीय समूहमा विभाजित गर्न सकिन्छ। ती हुन् पहाडी (खस) आर्य, मैदानी आर्य-अनार्य, पहाडी तिब्बती-वर्मेली एवम् किराँत-मङगोल र मैदानी अष्ट्रो-ड्रविड।

भौगोलिक रूपले हिमाल, पहाड र तराई तीनवटा भौगोलिक क्षेत्रमा पनि हावापानी, वातावरणले गर्दा फरक-फरक संस्कृतिको निर्माण हुन गएको छ। जसले उल्लेखित चारवटै प्रजातिको आ-आफ्नै साझा पहिचान पनि स्थापित गरेको छ।

जस्तो पहाडी तिब्बती-वर्मेली एवम् किराँत-मङगोलहरूको साझा पहिचान आदिवासी जनजातिको रूपमा स्थापित छ। पहाडी आर्यको (खस) नेपालीको रूपमा पहिचान बनेको छ। मैदानी आर्य-अनार्य ( अष्ट्रो-ड्रविड र तराई जनजाति तर धैरै मात्रामा आर्य र अनार्यहरूबीच घुमिल भइसकेको) को तराईली-मधेशीको रूपमा परिचय बनेको छ।

जनसंख्याको हिसाबले पनि तराईली-मधेशीको जनसंख्या ३१.७०५, पहाडी हिमाली जनजातिको २८.५५ र दलित बाहेक खस आर्यको ३०.८९५ रहेको छ। तीनवटै पहिचान समूहको जनसंख्या बीच पनि ठूलो भिन्नता छैन।

बाहुल्य, बर्चस्व र आधारभूमिको हिसाबले पनि तीनवटै पहिचान समूहको आ-आफ्नै भूगोल कायम छ।

जस्तै तराइली-मधेशीको भूगोल तराई-मधेश क्षेत्र हो। पहाडी आदिवासी जनजातिको भुगोल पूर्वी र मध्यपहाडी तथा हिमाली क्षेत्र हो। खस नेपालीको आधारभूमि एवम् भूगोल पश्चिम पहाड हो। आ-आफ्नो भूगोलमा संस्कृति, मनोविज्ञान, अर्थतन्त्र, इतिहास, पीडा लगायतमा यिनीहरू बीच समानता छ।

राष्ट्रियतासम्बन्धि विश्वव्यापी परिभाषाअनुसार यसरी समरूप वा साझा भूगोल, भाषा, अर्थतन्त्र, मनोविज्ञान आदी भएको जाति, समुदाय र जनजातिहरू साझा रूपमा राष्ट्र ( नेशन) हो। र, तिनीहरूको भावना नै राष्ट्रियता हो। यही परिभाषाअनुसार नेपाल बहुराष्ट्रियता भएको मुलुक पनि हो।

यसको अर्थ नेपालमा मुख्यतः तीन प्रकारको राष्ट्रियताको विकास भएको छ। पहाडी आदीवासी जनजातिले विकास गरेको जनजातिवाद, पहाडी आर्यहरूद्वारा विकसित नेपालीवाद र तराई-थरूहट मधेशमा विकसित तराईली-मधेशवाद। मुख्यरूपमा भूगोल र सामुदायिक उत्पीडनको पीडाबाट जन्मिएको तराईली-मधेशवाद, जातीय उत्पीडनबाट जन्मिएको जनजातिवाद र राज्यको संरक्षणबाट पैदा भएको नेपालीवादको उत्पतिको स्रोत एवं आधार नै बेग्ला-बेग्लै छन्।

काँग्रेस, कम्युनिस्टले अटाहत बिनातर्क सक्दो थोरै, कुनै एउटा उत्पीडित पहिचानको बाहुल्य नहुने गरी वा पहिचानलाई पूर्णरूपमा बेवास्ता गरी प्रदेश बनाउने मानसिकताबाट प्रेरित भई सीमांकन रेखा कोरे। राजपा नेपाल, फोरम अझै पनि १० प्रदेशसहितको समग्र मधेश दुई प्रदेशको अडानमा कायमै रहेको अवस्था छ।

आदिवासी जनजाति महासंघ तथा यसै आधारमा बनेका पार्टीहरू जातीय राज्यकै वकालत गरिरहेका छन्। यस पछाडीको मनोविज्ञान पनि माथी उल्लेखित तीन वटा अलग-अलग राष्ट्रियवाद नै हो। अतः सामाजिक समूह मात्र होइन राजनीतिक दलहरूले पनि यसैलाई पछ्याइरहेका छन्।

प्रादेशिक सीमांकनमा सबैभन्दा विवादित रहेको क्षेत्र झापा, मोरङ्ग, सुनसरी पहाडसँग रहनुपरेको कारण पनि ओली र कृष्ण सिटौलाहरूको नेतृत्वदायी अडान त्यसैगरी कैलाली, कन्चनपुर प्रति शेरबहादुर देउवाहरूको अडान तथा यी क्षेत्रहरू मधेश-थरूहटमै रहनुपर्ने मधेशवादीको अडान फरक-फरक तीन राष्ट्रियता मनोविज्ञानको दह्रो प्रमाणहरू हुन्।

झापा, मोरङ, सुनसरी तथा कैलाली, कञ्चनपुरको रैथाने मधेशी-थारू एवम् तराईली जनजाति भए पनि झापा, मोरङ, सुनसरीमा खस बाहुन कैलाली, कञ्चनपुरमा खस क्षेत्रीको बाहुल्यता छ।

मूलतः नेपाली कांग्रेसमा क्षेत्री जातिको प्रभाव, एमालेमा पहाडी बाहुनहरूको प्रभाव रहेको हुँदा उनीहरू यति ठूलो मधेश आन्दोलनलाई समेत बेवास्ता गरी यी पाँचवटा जिल्लाको पुनः सीमांकन गर्न तयार भएनन् र मधेशवादी दलहरू सीमांकनको अडान छाड्न पनि तयार भएनन्। अन्ततः लामो मधेश-थरूहट आन्दोलन त्यतिकै तुहिएर गयो। सारमा नेपालको राजनैतिक टकरावको चुरो तीन वटा पहिचान बीचको टकराव, द्वन्द्व र समन्वय नै हो।

संघीयता किन आवश्यक भयो यो अर्को मुख्य प्रश्न हो। एकात्मक देशहरू संघीयतामा तीन कारणले गएका देखिन्छन्। विकास, बहुलता वा विद्रोहलाई सम्बोधन गर्न उनीहरू संघीयतामा गएको देखिन्छ। केन्द्रिकृत प्रणालीबाट विकास कार्य कठिनाई भएको अवस्थामा अपनाईएको संघीयता प्रशासनिक संघीयता हो।

जुन विकेन्द्रिकरणतिर लक्षित हुन्छ। बाहुलतालाई सम्बोधन गर्न अपनाईएको संघीयता पहिचान सहितको संघीयता हो। जुन बहुलताको व्यवस्थापनतिर लक्षित हुन्छ। जातीय, समुदायिक एवं औपनिवेशिक उत्पीडन तथा नश्ल लगायतमा आधारित गृहयुद्ध वा विद्रोह आदिलाई सम्बोधन गर्न अपनाइएको संघीयता 'इथिनिक' संघीयता हो।

जुन अलगाव वा स्वतन्त्रतातिर लक्षित हुन्छ। सुरूवातमा मधेशवादी दल र आदिवासी जनजातिहरू इथिनिक संघीयताको बहसमा गएको पनि देखियो। वास्तविकता त के हो भने मधेशी जनता औपनिवेशिक उत्पीडन विरूद्ध विद्रोह नै गरेका हुन्।

तर मधेशवादी मुद्दाको नेतृत्व गरिरहेका मूलधारका मधेशी मोर्चा आबद्ध दलहरू पहिचानसहितको संघीयतामा सहमत भइसकेका थिए। जुन विविधता एवं बहुलतालाई सम्बोधन गरी व्यवस्थापनतिर लक्षित रहेको थियो। तर अन्ततः काँग्रेस, कम्युनिस्ट प्रशासनिक संघीयताकै पक्षमा रहेयो। अझै पनि वार्ता र सहमतिमा रहेको सकसको प्रमुख कारण यही हो।

ख. निकासको प्रस्ताव:

विगतको संविधानसभामा यी विषयहरूमा धैरे छलफल गरिएकै हो। प्रमुख राजनीतिक दलहरूबीच पनि अनेकौ छलफल, निष्कर्ष र सहमतिहरू भएकै थिए। मधेश, आदिवासी जनजाति लगायतका आन्दोलनसँग भएको सहमतिमा र विगतको संविधानसभाले संघीयतालाई पहिचानसँग जोडिएको प्रष्ट देखिन्छ।

पहिचान भन्नाले मूलतः माथी उल्लेखित गरिएका तीनवटा प्रमुख पहिचान नै हुन्। तसर्थ, राज्य सफल हुन चाहन्छ भने अबिलम्ब सर्वदलीय सर्वपक्षीय बैठक बोलाइ सीमांकनको विषयमा पुनः बेलैमा छलफल गरेको वेश हुनेछ। यसका लागि दुइटा विकल्पमा छलफल गर्दा राम्रो हुन्छ। एउटा : जस्तो भेरी, कर्णाली, सेती तथा महाकाली नदीको जलाधार क्षेत्र अर्थात सुदूरपश्चिम तथा पश्चिमाञ्चल पहाडका केही जिल्लाहरू सम्मिलित एउटा प्रदेश बने ७०% भन्दा वढी खस वाहुल्य प्रदेश नं. १ हुनेछ। त्यसैगरी कोसी गण्डकी जलाधार क्षेत्र अर्थात पूर्वी एवं मध्यपहाडका जिल्लाहरू सम्मिलित अर्को प्रदेश बने ६६% भन्दा बढी आदिवासी जनजाति बाहुल्य प्रदेश न ३ हुनेछ।

तराई-मधेशमा थारू वा गैरथारू यहाँका २० जिल्लामा छरिएर बसोबास गरेको अवस्था छ। तराई-मधेशमा रहने सम्पूर्ण जाति जनजातिको उत्तर-दक्षिण प्रदेशको मनोविज्ञान नभएर पूर्व-पश्चिम प्रदेश बनाउने मनोविज्ञान रहेको छ।

कृषिमा आधारित नेपालको तराई-मधेशको जीवनको रूपमा रहेको कतिपय जिल्लाको चुरे क्षेत्रसहित मैदानी भाग सम्मिलित एउटा प्रदेश ७०% भन्दा बढी तराईली-मधेशी बाहुल्य प्रदेश नं. ३ हुन सक्नेछ।

जनसंख्याको हिसाबले कुनै प्रदेश अत्यन्त सानो वा ठूलो पनि हुने छैन। यसरी पहिचान र सामर्थ्यको सम्बोधन हुनेगरी नेपाललाई तत्काल तीन प्रदेशमा विभाजन गरी सहमति गर्नु सवैभन्दा उत्तम विकल्प हो। यसो गर्दा विगतमा भएको मधेशी, थारू, आदिवासी जनजाति आन्दोलनको भावनाअनुरूप अन्तरिम संविधानको धारा १३८ (१क) अनुकुल मधेशी तथा आदिवासी जनजातिको चाहना अनुरूपको स्वायत्त प्रदेशहरू पनि हुने छ।

संघीय राज्य कुनै एउटा पुस्ताको विचारले मात्र निर्धारण हुने विषय होइन। समाजको सामाजिक, आर्थिक स्थितिमा आउने परिवर्तन र राजनीतिक मूल्यको विकाससँगै प्रत्येक पछिल्लो पुस्ताले नयाँ सवालको रूपमा पूनर्मूल्यांकन गरिरहन्छन्। त्यसैले यो निरन्तरको प्रक्रिया हो।

त्यसैले सुरूवातमा कम प्रदेश बनाएर बढीभन्दा बढी जनमनोकांक्षा पुरा गर्ने विधि अपनाउनु श्रेयकर हुनेछ। भविष्यमा के गर्ने अर्को पुस्ताले निर्णय गर्ने छ। त्यसो गर्न नसके दोस्रो सबैभन्दा श्रेष्यकर उपाय राज्य पुन संरचना उच्चस्तरीय आयोगले सुझाएको प्रतिवेदनअनुसार दस प्लस एक प्रदेशको ढाचामा जानुको बिकल्प छैन। विचार गर्नुपर्ने कुरा के भने आदिवासी जनजाति र मधेशीलाई बेवास्ता गरी निर्माण भएको संविधानको कार्यान्वयन सहज छैन।

त्यसैगरी, केवल मधेशी वा आदिवासी जनजातिको चाहनाअनुरूप मात्रै समग्रमा नेपालको संरचनायुक्त संविधान सम्भव छैन। समग्रमा तीनै प्रकारको राष्ट्रियताहरूबीचको एकता र यिनीहरूको मनोविज्ञान अनुरूपको संघीयतामा सीमांकन भए मात्र राजनीतिक स्थिरता र संविधान कार्यान्वयनको अवस्था रहन्छ।राजनीतिक रूपमा काँग्रेस, कम्युनिस्ट र राजपा फोरम बीचको सहमति गर्नु भनेको सामाजिक रूपमा मधेशी जनजाति र खसहरू बीच सहमति गर्नु पनि हो। त्यसो गरे मात्र हामी नेपाल बनाउन सक्छौं।

समयमै यी शक्तिहरू बिच सहमति हुन नसके राजपा फोरम र कम्युनिस्ट बाहेकका सिके बिप्लब जस्ता उग्र शक्तिहरू सहमति प्रक्रियाभन्दा बाहिर त छँदैछन्। तसर्थ राजपालाइ असफल बनाउने कोसिस भए सीके राउतको राजनीति सफल हुन सक्छ। कम्युनिस्टको सरकार असफल भए विप्लवको राजनीति सफल हुन सक्छ।

यो दुवै अवस्थामा नेपालको हित र स्वार्थको रक्षा हुन त सक्दैसक्दैन। तसर्थ राजपा नेपाललाई अझै मुलधार बाहिर धकेल्नु भनेको दलहरूको असफलता मात्र नभई मुलुककै समेत असफलता कहलिने छ।

बाहुलतालाई स्वीकार गरी त्यसलाई व्यवस्थापन गर्ने कि अस्वीकार गरी सबै सँगै समाप्त हुने, चोइस हाम्रै हाथमा छ।

*(लेखक राजपा नेपालका प्रवक्ता हुन्।)*

# सीके राउतसँग वार्ता हुँदैन

**अब मुलुकै छुट्याउने र विभाजन गर्ने खालको कुनै समूह छ भने हाम्रो राजनीतिक वार्ता टोलीले त्यसलाई समेट्न नसक्ला । हामीलाई दिएको अधिकारभन्दा बाहिर रहला ।**



**सोमप्रसाद पाण्डे**

**संयोजक, अधिकार सम्पन्न उच्चस्तरीय राजनीति वार्ता टोली**

**० उच्चस्तरीय राजनीतिक वार्ता टोली किन गठन गरियो हो ?**

– गत भाद्र ८ गते मन्त्रिपरिषद्को निर्णयबाट उच्चस्तरीय राजनीतिक वार्ता समिति गठन गरिएको हो । यसलाई अत्यन्तै अधिकार सम्पन्न र उच्चस्तरीय बनाइएको छ । गत भाद्र २५ गते हामीले सबै द्वन्द्वरत समूहहरूलाई वार्ताका लागि पत्र पठाएका छौं । हामीलाई दिइएको क्षेत्राधिकारमा के छ भने विगतमा वार्ताको क्रममा सहमति र सम्झौताहरू जे जे भएको तर कार्यान्वयन नभएका ती सबै समूहहरूको खोजी गर्ने र त्यसलाई कार्यान्वयन गर्ने । विभिन्न कारणले विगतका सरकारहरूले गर्न ती सम्झौताहरूलाई कार्यान्वयन गर्न सकेनन् । अन्य थप द्वन्द्वरत् र असन्तुष्ट समूहहरू छन्, उनीहरू संविधानको दायराभन्दा बाहिर छन् निःशस्त्र वा सशस्त्र, ती सबैसँग छलफल गरेर उनीहरूलाई पनि संविधानको दायराभित्र ल्याउने र दिगो शान्तिका लागि मुलुकको समृद्धिमा लगाउने भन्ने उद्देश्यका साथ यो वार्ता टोली गठन भएको हो । यसका लागि हामीले पहिलो चरणको वार्ता सुरू गरिसकेका छौं । विगतमा वार्ता हुन नसकेका समूहहरूसँग पनि हामीले वार्ताका लागि प्रक्रिया अगाडि बढाइरहेका छौं ।

**० अहिलेसम्म तपाइँहरूसँग कस्ता किसिमका संगठनहरू सम्पर्कमा आएका हुन् ?**

– जब हामीले खुल्लारूपमा वार्ताका लागि आह्वान गऱ्यौं, त्यसपछि सात वटा समूहले वार्ताका लागि तयार छौं र राजनीतिको मूलधारमा आउन चाहन्छौं भनेर पत्र पनि लेखेका छन् । त्यो आधारमा उनीहरूलाई वार्ताका लागि बोलायौं । अरू थप जो पहिला पनि वार्तामा आइसकेका छन्, तिनीहरूलाई पनि खोजी गरेर बोलाएका छौं । अहिलेसम्म धेरै समूह हाम्रो सम्पर्कका आइसकेका छन् । अहिलेसम्म करिब २० वटा समूहसँग वार्ता गरेर टुंगो लगाइसकेका छौं । विगतमा वार्तामा आइसकेका समूहहरूका नेताहरू प्रायः जेलमा छन् र उनीहरूको पहिलो माग रिहाई गर्नुपर्ने रहेको छ । त्यसपछि थप अन्य मागहरू पनि छन् । त्यसैले सबभन्दा जटिलता कहाँनेर छ भने तिनीहरूमाथि लागेका मुद्दाहरूलाई कसरी टुंगो लगाउने भन्ने सोचिरहेका छौं । मुद्दा मामिला सुल्झाउन राज्यले निकास निकाल्यो भने यो ठूलो कुरा पनि छैन । त्यसका निम्ति आफ्नो तयारी हामी गर्दैछौं । सरकारसँग पनि छलफल गरेका छौं । वार्तामा नआएका समूहहरूलाई पनि वार्ताका लागि आह्वान गरिरहेका छौं ।

**द्वन्द्वरत् र असन्तुष्ट समूहहरू निःशस्त्र वा सशस्त्र छन्, ती सबैसँग छलफल गरेर उनीहरूलाई पनि संविधानको दायराभित्र ल्याउने र दिगो शान्तिका लागि मुलुकको समृद्धिमा लगाउने भन्ने उद्देश्यका साथ यो वार्ता टोली गठन भएको हो ।**

**० यो वार्ता टोलीको अवधि कहिलेसम्म हो ?**

– हामीलाई तीन महिनाको अवधि दिइएको छ । त्यसमध्ये करिब डेढ महिना पार गरिसक्यो । तर, आवश्यक परे यसको म्याद थपिन सक्छ भनेर लेखिएको छ । हामीले सकेसम्म छिट्टै टुंगो लगाउँछौं । लामो समय लगाउने पक्षमा हामी छैनौं । किनभने पहिला पनि वार्ता भई सहमति भइसकेको छ । ती मुद्दाहरूलाई कार्यान्वयन गरी टुंगो लगाउनुपर्ने आवश्यक्ता मात्र छ ।

**० विगतमा जसरी सहमतिहरू भएका छन्, ती कार्यान्वयन हुन्छन् कि फेरि नयाँ सहमति गर्नुहुन्छ ?**

– होइन, अहिले कुनै नयाँ सहमति हुँदैन । पूरा गर्न नसकिने खालका बुँदाहरू पनि छैनन् । जो बन्दी बनाइएका छन्, जुन अभियोग छ लागेको छ, त्यस विषयमा राज्यले विशेष निर्णय गर्नुपर्छ । त्यति गऱ्यो भने यो ठूलो कुरा होइन, टुंगिन सक्छ ।

**० भनेपछि, मुद्दा लागेर जो जेलमा छन्, तिनीहरूको मुद्दा फिर्ता भएर उनीहरू रिहा हुन सक्छन् ?**

– हामी त्यसैको तयारीमा लागेका छौं । कतिपय अलिकति अप्ठ्यारा मुद्दाहरू छन्, त्यस विषयमा सरकारसँग छलफल गर्दैछौं । त्यसका निम्ति वार्ता टोली र सरकारले मात्र सक्दैन । सरकारभित्र रहेका जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र सबभन्दा जटिलता भनेको अदालतमा भएको फैसलालाई पनि सल्लाहका निम्ति बाटो निकाल्न लागेका छौं । त्यसकारणले सरकारसँग यही कुरामा अहिले छलफल चलिरहेको छ कि यसलाई अब कसरी टुंग्याउने । विगतलाई हेऱ्यौं भने जब पञ्चायती व्यवस्था समाप्त गरेर बहुदलीय व्यवस्था आयो, त्यति बेला पनि धेरै मुद्दा थिए र बहुदलीय व्यवस्था आएपछि सबै खारेज भए । त्यसपछि २०६२/६३ को जनआन्दोलन र जनयुद्धका बेला पनि धेरै मुद्दाहरू थिए, ठूलठूला जघन्य मुद्दाहरू लागेका थिए । ती सबको पनि सरकारले एक खालको निर्णय गरेर किनारा लगायो । त्यसकारण, हामीले पनि त्यस्ता खालका निर्णय गर्न सक्छौं । यो गर्न सरकारका निम्ति ठूलो कुरा होइन । अहिले वर्तमान सरकार ती सबै समस्याहरूको टुंगो लगाउन चाहन्छ । मधेश, पहाड र हिमाल सबै ठाउँमा समुचित विकास गर्न चाहन्छ । मलाई विश्वास छ, राज्यले यी सबै मुद्दाहरूको राजनीतिक निर्णय गरी टुंगो लगाउनेछ ।

**० विगतमा सरकारले विभिन्न समूहहरूसँग गरेको सहमतिहरू पालना हुन्छ भन्नेमा कसरी विश्वास दिलाउनु हुन्छ ?**

– विगतको सरकार र अहिलेको सरकारमा फरक छ । विगतका सरकारहरू परिवर्तन हुँदै गए, अस्थिर खालका सरकारहरू बन्यो । त्यसले गर्दा विगतका सरकारहरूले कतिपय कुराहरू पूरा गर्न सकेनन् । अहिलेको सरकारले विगतमा कतिपय कबुल गरिएका कुराहरू पूरा गर्नुपर्छ भन्ने सोचका साथ अगाडि बढेको हो । वर्तमान सरकार सामान्य खालको सरकार होइन । वर्तमान सरकार यो मुलुकको हित, नेपाली जनताको हित र समृद्धिका निम्ति आफ्नो कार्यक्रम अगाडि बढाएको छ । कतिपय गलत ढंगले पनि प्रचार गरिएको छ, मधेशलाई यो सरकारले उपेक्षा गऱ्यो भन्ने खालका कुराहरू पनि छन् तर वर्तमान सरकार त्यस्तो होइन । विगतमा द्वन्द्वरत र वार्ता गरेका धेरै समूह तराईकै थिए र त्यहीं समूहहरूको माग पूरा गर्नका निम्ति अहिलेको सरकारले यो वार्ता टोली बनाएको छ । त्यसैले, विगतको जस्तै अब भएका सहमतिहरू त्यतिकै अलपत्र भएर बस्दैन ।

**० मधेशमा छुट्टै राष्ट्रको अभियान चलाइरहेका समूहसँग वार्ता गर्ने तयारी छ कि छैन ?**

– अब मुलुकै छुट्याउने र विभाजन गर्ने खालको कुनै समूह छ भने हाम्रो राजनीतिक वार्ता टोलीले त्यसलाई समेट्न नसक्ला । हामीलाई दिएको अधिकारभन्दा बाहिर रहला । मुलुकलाई नै विखण्डन गर्ने खालका गतिविधिहरू जे जसरी भएका छन्, त्यो गतिविधि कुनै पनि नेपालीले स्वीकार्दैनन् । त्यो गतिविधि नेपाली जनताको अहितमा र जनताको चाहना र भावनाभन्दा बेठिक ढंगले हुँदै आएको छ । त्यसैले उनीहरूसँग हामीले अहिलेसम्म कुनै खालको छलफल वा सम्पर्क पनि गरेका छैनौं ।

**० भनेपछि, छुट्टै राष्ट्रको माग गर्नेहरूलाई सरकारले विश्वासमा ल्याउन सक्दैन ?**

– सरकार त तयार छ । उनीहरूका कतिपय जायज मागहरू पूरा गर्न सरकार पछाडि हट्दैन । सिंगो मुलुकको समृद्धिका निम्ति यो सरकार लागिपरेको छ । तराई मधेशलाई विकसित गर्ने, त्यहाँका जनतालाई समृद्ध बनाउने र समृद्ध नेपाल सुखी नेपाली बनाएर लैजाने सोचका साथ सरकार अगाडि बढेको छ । नेपाली जनता र मुलुकको हितमा निम्ति ती माग राखिएका छन् भने सरकारले पूरा गर्न तयार छ । तर, देशै विखण्डन गर्ने गरी अभियान चलाउनु जनता र मुलुकको हितमा छैन ।

**० मधेशमा रहेका जयकृष्ण गोइत नेतृत्वको समूहसँग वार्ताका लागि के हुँदैछ ?**

– गोइत समूहलाई पनि वार्ताका लागि आह्वान गर्ने तयारीमा छौं । गोइतसँग सिधा सम्पर्क हाम्रा साथीहरूको भइरहेको छ । उनीहरूलाई वार्तामा ल्याउनका निम्ति आह्वान र छलफल गर्ने प्रक्रियामै छौं । चिठी पठाइसकेका छैनौं तर हामी उनलाई पनि मूलधारमा ल्याउनका निम्ति प्रयत्न जारी छ ।

**० यो टोलीले द्वन्द्वरत् समूहहरूको माग पूरा गराउन सक्षम छ ?**

– सरकारले नै निर्णय गरेर वार्ता टोली बनाइसकेपछि यो सरकारको कुरा हो । सरकारले यी सबै कुरा टुंगो लगाउनकै लागि यो वार्ता टोली गठन गरेको हो । त्यसकारण सरकार आफै पनि तयार छ । विगतको जस्तो वार्ता गरेर अलपत्र छाडिने अवस्था आउँदैन ।

# वार्ताको टेबुलमा बस्ने वातावरण बन्दै गइरहेको

**मन्त्रिपरिषद्ले दिएको ‘टिओआर’ पनि हामीले हेरेका छौं । त्यसले गर्दा हामीलाई अलिकति आशा पलाएको छ । तर, आश गर्नु तर भर नपर्नु भनेजस्तै छौं । हामीमाथि लगाइएको मुद्दाहरू फिर्ता भइसकेको छैन ।**



**डा.मनोज मुक्ति ‘विवेक’**

**अध्यक्ष, जनतान्त्रिक तराई मुक्ति मोर्चा**

**० सरकारी वार्ता टोलीले तपाइँहरुलाई वार्ताका लागि पत्राचार गरेको छ, यसप्रति कस्तो धारणा छ ?**

– तत्कालीन अवस्थामा गिरिजाप्रसाद कोइरालाको नेतृत्वको संसद पुनर्बहाली भएदेखि बनेका सबै सरकारहरूले हामीसँग वार्ता र सम्वाद गरेको छ । विगतमा संविधानसभा अन्तर्गतको संवैधानिक तथा राजनीतिक सम्वाद तथा सहमति समितिसँग पनि वार्ता भएको थियो । त्यसैले, हामीसँग पटक-पटक वार्ता भएको छ ।

**० विगतमा भएका ती वार्ताहरुको निष्कर्ष के रह्यो ?**

– अहिलेसम्म जति पनि वार्ताहरू भएका छन् त्यसको अहिलेसम्म राज्यपक्षले कार्यान्वयन गरेको छैन । यसमा राज्यले बेइमानी गरेकै हो ।

**० अहिलेसम्म कतिपटक वार्ता गरिसक्नुभयो ?**

– अहिलेसम्म जति वटा सरकार बनेको छ ती सबैसँग वार्ता भएको छ । लगभग १२/१३ पटक राज्यपक्षले हामीसँग वार्ता गरेको हो ।

**० तपाइँहरुले के माग राख्नुहुन्छ जुन राज्यपक्षले पूरा गर्न सकेको छैन ?**

– हामीसँग वार्ता हुँदा पहिलो चरणमा जुन सहमति भयो त्यो सहमति नै सरकारले कार्यान्वयन गर्न सकेको छैन । जस्तो कि हामीमाथि लगाइएका मुद्दाहरू फिर्ता गर्ने, बन्दी जीवन बिताइरहेका हाम्रा नेता कार्यकर्ताहरूको रिहाई गर्ने, हाम्रा नेता कार्यकर्ताहरूको जसरी गैरन्यायिकरूपमा हत्या गरिएको छ तिनीहरूलाई शहीद घोषणा गरी क्षतिपूर्ति दिने लगायतका मागहरू यथावत नै छ जुन कुनै पनि सरकारले पूरा गर्न तत्परता देखाएका छैनन् । दोस्रो संविधानसभाको निर्वाचनपछि सुशील कोइराला नेतृत्वको सरकार गठन हुँदा सहमति सम्झौता कार्यान्वयनका लागि पूर्व मुख्यन्यायाधीश केशवप्रसाद मैनालीको नेतृत्वमा पाँच सदस्यीय सहमति सम्झौता कार्यान्वयन सिफारिस आयोग बनेको थियो । त्यसको सदस्यमा अहिलेका प्रदेश २ को मुख्य न्यायाधिवक्ता दीपेन्द्र झा पनि हुनुहुन्थ्यो । त्यो आयोगलाई दुई महिनाको कार्यावधि दिइएको थियो । त्यो आयोगले सहमति सम्झौता कसरी कार्यान्वयन गर्ने, मुद्दाहरू कसरी फिर्ता गर्ने, रिहाई कसरी गर्ने, शहीद घोषणा कसरी गर्ने, क्षतिपूर्ति कसरी दिने लगायतका विषयमा १०५ पृष्ठको सुझाव सरकारलाई बुझाएको थियो । तर, त्यो प्रतिवेदनलाई सरकारले सार्वजनिक पनि गरेन र लागू गर्ने त कुरै आएन । त्यस विषयमा मधेशकेन्द्रित नेताहरूले पटक-पटक संसदमा आवाज उठाए पनि त्यो प्रतिवेदन सार्वजनिक भएन । यसैगरी, सर्वोच्च अदालतका सहमहान्यायाधिवक्ता बद्रीप्रसाद गौतमको संयोजकत्वमा मुद्दा फिर्ता आयोग बनेको थियो, त्यसले पनि विभिन्न प्रक्रियाहरू तोकेर प्रतिवेदन बुझाएको थियो र त्यो प्रतिवेदन पनि अहिलेसम्म गृह मन्त्रालयमा त्यतिकै थन्किएर बसेको छ । त्यो प्रतिवेदन न सार्वजनिक भयो न कार्यान्वयन भयो । यो अवस्था हो राज्यपक्षको । त्यसैले अहिलेसम्मको अवस्था हेर्दा राज्यपक्ष बेइमान नै देखिएको छ ।

**० तपाइँहरु अहिले कुन अवस्थामा हुनुहुन्छ ?**

– हामी क्रान्तिकारी हौं र क्रान्तिकारी जहिले पनि आशावादी हुन्छन् । हाम्रो मान्यता के हो भने वार्ता, सम्वाद र सहमतिकै आधारमा निकास खोजिनु पर्छ । सशस्त्र आन्दोलन होस् वा निःशस्त्र आन्दोलन वा कुनै किसिमको राजनीतिक मुद्दा होस्, त्यसलाई वार्ता र सम्वादकै माध्यमबाट टुंगो लगाउनुपर्छ । हामी जहिले पनि वार्ताका लागि सकारात्मक नै हुन्छौं । यसका लागि राज्यपक्ष पनि गम्भीर हुनुपर्छ ।

**० विगतमा जसरी सरकारहरुको स्थायित्व थिएन, सरकारहरु परिवर्तन हुँदै गयो तर यसपटक शक्तिशाली र दुई तिहाईभन्दा बढी बहुमतको सरकार रहेकोले यस सरकारबाट कति आशावादी हुनुहुन्छ ?**

– अंक गणितीय हिसावले अहिलेको केपी शर्मा ओली नेतृत्वको सरकार सबभन्दा बढी शक्तिशाली नै हो । त्यसैले यो सरकारले इच्छा शक्ति र गम्भीर्यता देखायो भने मुलुकमा रहेका द्वन्द्वहरूलाई सजिलै समाधान गर्न सक्छ । त्यसका लागि नेपाल सरकारको मन्त्रिपरिषद्बाट निर्णय भई गठन भएको उच्चस्तरीय राजनीतिक वार्ता टोलीसँग विभिन्न चरणमा वार्ता पनि भइरहेको छ । सकारात्मक सन्देश पनि आएको छ । मन्त्रिपरिषद्ले दिएको ‘टिओआर’ पनि हामीले हेरेका छौं । त्यसले गर्दा हामीलाई अलिकति आशा पलाएको छ । तर, आश गर्नु तर भर नपर्नु भनेजस्तै छौं । हामीमाथि लगाइएको मुद्दाहरू फिर्ता भइसकेको छैन । जबसम्म हाम्रा मुद्दाहरू समाधान हुँदैन, तबसम्म हामी ढुक्क भएर बस्ने अवस्था छैन । तर, निकट भविष्यमै वार्ताको टेबुलमा बस्ने वातावरण बन्दै गइरहेको छ ।

**० वार्ताका लागि तपाइँहरुको केही शर्त पनि छन् ?**

– वार्ताका लागि हाम्रो केही शर्त छैन । तर, वार्ताका लागि जसरी सकारात्मक पहल भएको छ त्यसलाई सार्थक बनाउनुपऱ्यो । वार्ताका लागि राज्यपक्षलाई हामीले पाँचवटा बुँदा प्रस्तुत गरेका छौं । हामीले वातावरण बनाउनका लागि ती बुँदा प्रस्तुत गरेका हौं ।

**० ती बुँदाहरु के-के हुन् ?**

– वातावरण बनाउनका लागि त्यस्तो असम्भव कुराहरू केही छैनन् । पहिलो बुँदा, यसअघि भए/गरेका सहमति र सम्झौताको कार्यान्वयनको सम्बन्धमा ठोस धारणा आउनुपर्छ । दोस्रो बुँदा, मन्त्रिपरिषद्को निर्णयअनुसार सहमति/सम्झौता कार्यान्वयन सिफारिस आयोग र सहमहान्यायाधिवक्ता बद्रीप्रसाद गौतमको नेतृत्वमा गठित मुद्दा फिर्ता आयोगको सिफारिसको कार्यान्वयनको सम्बन्धमा नेपाल सरकारको धारणा आउनुपऱ्यो । तेस्रो बुँदा, हाम्रो मोर्चाका पूर्वअध्यक्ष तथा अहिलेका वरिष्ठ नेता राजन मुक्ति भन्ने रंजित कुमार झा जो अहिले बन्दी जीवन बिताइरहनु भएको छ, उहाँलगायत हाम्रा संगठनमा आवद्धहरू अहिले पनि जेलमा छन, उनीहरूको रिहाईको सम्बन्धमा स्पष्ट धारणा अउनुपर्छ । चौथो बुँदा, हाम्रो वार्ता टोली र हाम्रा मोर्चाका नेता कार्यकर्ताहरू जसमाथि विभिन्न मुद्दाहरू लगाइएका छन् तिनीहरूको सुरक्षा एवं राज्यपक्षद्वारा थुनछेक र धरपकड नहुने कुराको विश्वसनीयताको सम्बन्धमा धारणा आउनुपऱ्यो । र पाँचौं बुँदामा संविधानसभा-२ अन्तर्गतको राजनीतिक सम्वाद तथा सहमति समितिलाई हाम्रो मोर्चाको तर्फबाट प्रस्तावित २५ पृष्ठको अवधारणामाथि ठोस धारणा आउनुपऱ्यो ।

**० तपाइँहरुले सरकारसँग जुन स्पष्ट धारणा माग्नुभएको छ, त्यसअनुसार सरकारको धारणा आएन भने ?**

– अहिलेसम्म सरकारी वार्ता टोलीबाट सकारात्मक कुराहरू नै आएको छ । उनीहरूले हाम्रा मुद्दाप्रति सकारात्मक रहेको भन्दै आएका छन् । वार्ताको टेबलमा बसेर सम्पूर्ण कुराहरूको छिनोफानो गरौं भनेर अनुरोध आएको छ । त्यसमाथि पनि हामी छलफल गर्दैछौं । त्यसकारणले नकारात्मकतातिर नजाऔं । किनभने द्वन्द्वलाई व्यवस्थापन गर्नुपरेको छ र समृद्ध राष्ट्र निर्माणको लागि सबैको आवश्यक्ता छ भनेर दुवै पक्षले महसुस गरेको छ । हाम्रो सन्दर्भमा प्रधानमन्त्रीसँग प्रत्यक्षरूपमा हाम्रा कुराहरू राख्नुहुने भनेर आश्वासन दिइएको छ ।

**० तपाइँहरु भूमिगत हुनुपर्ने कारण के थियो ?**

– अहिलेको अवस्थामा हामी भूमिगत छैनौं । हामी अहिले मूलधारकै राजनीतिमा छौं । हाम्रा केही साथीहरू जस माथि मुद्दा लागेको छ, उहाँहरू अर्धभूमिगत अवस्थामा हुनुहुन्छ । तर, हाम्रा मुद्दाहरूको बारेमा भन्नुपर्दा संघीयताको सन्दर्भमा छ । अधिकार, पहिचान, राज्यव्यवस्था, ऐन कानूनसँग सम्बन्धित केही कुराहरू छन् । हामीले २५ पृष्ठको माग संविधानसभालाई नै बुझाएका छौं । हामीले बुझाएको २५ पृष्ठको मागमा रहेका बुँदा सरकारले लागू गऱ्यो भने मुलुकमा रहेका द्वन्द्व समाप्त हुन्छ र मुलुकमा दिगो शान्ति हुन्छ । मुलुक समृद्धितर्फ अगाडि बढ्छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# मदरसा शिक्षाको सैद्धान्तिक धरातल र इतिहास

**जाकिर हुसैन**

**मदरसा के हो ?**

मदरसा अरबी शब्द हो जसको अर्थ सिकाइको केन्द्र हुन्छ (जततउस्ररधधध.गखक.भमग) अर्थात् मदरसा यस्तो ठाउँ हो जहाँ सिक्ने र अध्ययन गर्ने गरिन्छ ।

मदरसा शिक्षण सम्बन्धी कुनै पनि संस्थाको लागि प्रयोग गरिने शब्द हो चाहे त्यो धार्मिक होस् वा सांसारिक । मदरसा शब्दले खास प्रकारको धार्मिक स्कुल वा कलेजलाई जनाउँदछ जहाँ इस्लाम धर्मको अध्ययन गरिन्छ । यद्यपि त्यहाँ त्यही मात्र विषयहरूको अध्ययन हुन्छ भन्ने चाहिँ होइन ।

नेपालमा र सम्पूर्ण भारतीय उपमहाद्वीपमा मदरसा भन्नाले परम्परागत इस्लामी संस्थालाई जनाउँदछ जहाँ परम्परागत इस्लामी शिक्षा अध्ययन-अध्यापन हुने गर्दछ । सामान्यत: नेपालमा मदरसा शब्दले तीन किसिमका इस्लामी शैक्षिक संस्थालाई जनाउँदछस पहिलोलाई जामिया वा दारूल उलूम भनिन्छ । यसमा सामान्यतया कलेज र विश्वविद्यालय तहको अध्ययन अध्यापन हुने गर्दछ । दोश्रोलाई मदरसा भनिन्छ । यसमा सामान्यतया प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको अध्ययन अध्यापन हुने गर्दछ । तेश्रोलाई चाहिँ मक्तब भनिन्छ । यसमा सामान्यतया पूर्व प्राथमिक र कहिलेकाहीँ प्राथमिक तहको अध्ययन अध्यापन हुने गर्दछ ।

**इस्लामी शिक्षा** :

इस्लामको परम्परा सिक्नु र सिकाउनुबाट प्रारम्भ हुन्छ । कुरआन शब्द जुन मुसलमानहरूको प्रमुख धार्मिक ग्रन्थ हो, को शाब्दिक अर्थ पढ्नु र पाठ गर्नु हुन्छ । ईश्वरीय श्लोकहरूको अवतरण पूरा भएर कुरआनको रूपमा संग्रहित भएपछि, यो ग्रन्थ इस्लामी शिक्षाको केन्द्र भाग बन्यो । मुसलमानहरूले यसलाई अल्लाहको पूर्ण पवित्र वाणीको रूपमा ग्रहण गरे । त्यसैले यसलाई परिवर्तन वा संशोधन गर्न सकिँदैन । प्रत्येक मुसलमानका लागि हार्दिक रूपमा यस ग्रन्थका मार्गनिर्देशनहरूलाई मान्नु र अनुशरण गर्नु कर्तव्य (ड्युटी) भयो । इस्लामी शिक्षा धार्मिक ज्ञानको प्रसार गर्नुमा मात्र सीमित छैन, यसले मुसलमानहरूलाई मानव कल्याणका निम्ति आवश्यक पर्ने सबै खाले सांसारिक शिक्षा हासिल गर्न पनि निर्देश गर्दछ । यी निर्देशहरूले इस्लामी शिक्षाको रूपमा बुझिने भिन्न शिक्षा प्रणालीलाई विकसित गर्ने कार्यमा जीवन्त भूमिका निर्वाह गरेका छन् । इस्लामी शिक्षा प्रणालीले इस्लामी ज्ञानको प्रसारका लागि निश्चित उद्देश्य, पाठ्यक्रम संरचना र शैक्षिक संस्थाहरूको श्रृंखलालाई आफूभित्र समाहित गरेको छ ।

**मदरसा शिक्षाको लक्ष्य : एक दार्शनिक दृष्टिकोण**

शिक्षाको लक्ष्यले विभिन्न दार्शनिक श्रोतहरूद्वारा निर्धारित जीवनको त्यस लक्ष्यलाई निर्देशित गर्दछ जसले कुनै विशेष समूहको मानिसहरूको जीवनलाई प्रभावित गर्दछ । शिक्षा जीवनको लक्ष्य प्राप्त गर्ने एक मात्र गाडी हो । मुस्लिम धार्मिक मान्यता-प्रधान समाज भएकोले उसको जीवनको लक्ष्य मुख्यत: धर्मद्वारा निर्देशित भएको हुन्छ । इस्लामी मान्यता अनुसार मानिसको जीवनको लक्ष्य परलोकमा मोक्ष प्राप्ति हो । मुसलमान न्यायको अन्तिम दिन (कयामत) माथि आस्थावान हुन्छ जुन दिन अल्लाहले मानिसको कर्मको फैसला गर्नेछन्स उसलाई कर्म अनुसार पुरस्कारको रूपमा स्वर्ग र दण्डको रूपमा नर्क प्रदान गर्नेछन् । मुसलमानले शिक्षालाई जीवनको लक्ष्य प्राप्त गर्ने साधनको रूपमा प्रयोग गर्दछ । जीवनको यो महान् लक्ष्य प्राप्त गर्नका लागि इस्लाम धर्मले शिक्षा हासिल गर्न बडो स्पष्ट निर्देशन दिएकोछ । इस्लाम धर्मको अनुयायीको रूपमा मुसलमानको पहिलो कार्य अल्लाहको इच्छाको अनुसरण गर्नु हो जुन पवित्र कुरआनको रूपमा संग्रहित छ । कुरआनले पनि मुसलमानलाई सबै प्रकारका ज्ञान हासिल गर्न आदेश दिएको छ जुन समाज कल्याणको लागि आवश्यक हुन्छ ।

मियाँसाहिब (१९९१) ले मुसलमानका लागि शिक्षाको दुई व्यापक क्षेत्रको बारेमा बताएका छन् :–

(क) फर्ज-ए-ऐन (अनिवार्य उत्तरदायित्व वा प्रत्येक मुसलमानले प्राप्त गर्नुपर्ने शिक्षा)

(ख) फर्ज-ए-कफाया (सामाजिक वा सामूहिक उत्तरदायित्व)

फर्ज-ए-ऐन त्यस प्रकारको शिक्षा हो जुन प्रत्येक मुस्लिमको लागि अनिवार्य छ । फर्ज-ए-ऐनमा समाहित शिक्षा (ज्ञान) प्राप्त गर्नु प्रत्येक मुस्लिम व्यक्तिको अनिवार्य कर्तव्यभित्र पर्दछ ।

फर्ज-ए-कफाया त्यस प्रकारको शिक्षा हो, जुन समुदायका अन्य सदस्यहरूको कल्याणका लागि मुस्लिम समुदायका केही सदस्यहरूले हासिल गर्दछ । समाजको कुनै वा केही व्यक्तिले यो शिक्षा (ज्ञान) प्राप्त गरेमा समाज वा समुदायका सबै मानिसहरूको कर्तव्य पूरा हुन्छ र उनीहरू पापबाट मुक्त हुन्छन् ।नेपाल र भारतीय उपमहाद्वीपमा मदरसाहरू फर्ज-ए-ऐन सँग सम्बन्धित शिक्षा प्रदान गर्ने केन्द्र बनेका छन् । उनीहरूले फर्ज-ए-ऐनको मान्यताअनुसारको शिक्षा प्रदान गर्ने पाठ्यक्रमहरूलाई प्रयोगमा ल्याएका छन् । यी मदरसाहरूले पूर्ण धार्मिक पाठ्यक्रममा आधारित शिक्षा प्रदान गर्दछन् जसलाई धार्मिक विषयको रूपमा बुझ्ने गरिन्छ । मदरसा शिक्षाको यस दार्शनिक र धार्मिक धारणाको कारणले मदरसा शिक्षा राज्यको मूलधारको शिक्षासँग सामान्यत: मेल खाँदैन । मूलधारको शिक्षा फर्ज-ए-कफाया प्रकृतिको शिक्षा (सामाजिक वा सामूहिक उत्तरदायित्व) सँग सम्बन्धित छ । इस्लामी शिक्षाको दार्शनिक मान्यता अनुसार फर्ज-ए-ऐन ( व्यक्तिसँग सम्बन्धित) र फर्ज-ए-कफाया ( समूहसँग सम्बन्धित) दुवै प्रकृतिको शिक्षा मुस्लिम समुदायको निम्ति आवश्यक छ । यही कारण हो जसले गर्दा भारत र भारतीय उपमहाद्वीपका अन्य राष्ट्रहरूमा दुई प्रकारका मदरसा र दुई किसिमका पाठ्यक्रमहरू छन् । पहिलो वर्गमा चाहिँ यस्ता मदरसाहरू छन् जुन राज्यको मूल शैक्षिक धारसँग जोडिएका छन् र अर्को वर्गमा चाहिँ स्वतन्त्र प्रकृतिका मदरसाहरू छन् । विभिन्न देश र राज्यहरूमा मदरसा बोर्डहरू छन्स जस्तै– भारतको बिहारमा बिहार मदरसा बोर्ड, बंग्लादेशमा बंग्लादेश मदरसा एजुकेशनल बोर्ड । यी मदरसाहरू राज्यको शिक्षाको मूलधारसँग जोडिएका छन् । यसरी नै, भारतमा सयौं स्वतन्त्र मदरसाहरू छन् । दारूल उलूम देउबन्द (लखनऊ), नदवतुल उलमा (लखनऊ), अल्-जामिया अल्-सलफिया र दारूल-उलूम मञ्जर इस्लाम (बरेली) जस्ता स्वतन्त्र मदरसाहरूले आफ्नो स्वतन्त्र पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरेका छन् । र, यी मदरसाहरूबाट जारी गरिएका शैक्षिक प्रमाणपत्रहरूलाई भारतमा मान्यता प्राप्त छ जबकि यी मदरसाहरू राज्यको मूल शैक्षिक धारमा समाहित भएका छैनन् । यसरी, भारत, पाकिस्तान र बंग्लादेश जस्ता दक्षिण एसियाली राष्ट्रले मदरसा शिक्षालाई आफ्नो देशको शिक्षा प्रणालीमा समावेश गरेका छन् । मुस्लिम नागरिकले यस प्रणालीद्वारा यी देशहरूमा शिक्षा हासिल गरिरहेका छन् । भारतका केही राज्यहरूमा स्वायत्त प्रकृतिका मदरसा बोर्डहरू छन् जसले मदरसाहरू सञ्चालन र नियन्त्रण गर्दछन् । सरकारले तिनीहरूलाई आर्थिक श्रोत जुटाउँछ । यी मदरसाहरूका शैक्षिक प्रमाणपत्रहरू राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त छ ।

**मदरसाको इतिहास** :

इस्लामको प्रसारको युगमा फर्केर हेर्‍यौं भने, पैगम्बर मुहम्मद (सल्ल.) स्वयंले शिक्षाको प्रबर्द्धनमा सक्रिय भूमिका निर्वाह गरेको पाउँछौं । सफा पहाडको फेदमा स्थित दारूल अर्कममा पैगम्बर मुहम्मद (सल्ल.) ले पहिलो मदरसा स्थापित गरेर स्वयंले प्रशिक्षण दिनुभएको थियो । इस्लामी शिक्षामा आधारित यस प्रथम शैक्षिक प्रतिष्ठानमा अबू बकर (रजि.), उमर (रजि.) र केही अन्य सहाबीहरू पहिला विद्यार्थीहरू थिए । उहाँले पछि पढाउने जिम्मेवारी इब्न उम्मे मक्तुम र मास आब बिन् उमैरलाई सुम्पेर मदीना पलालयन हुनुभयो । शिक्षाको प्रसारको लागि मुसलमानबाट भएको पहलको रूपमा उहाँले बद्र-युद्धमा जितेर बन्दी बनाइएका ६०-७० जना सत्रुलाई प्रत्येकलाई १० जनाका दरले बालबालिकाहरूलाई शिक्षा दिएमा कैदमुक्त गरिदिने घोषणा गर्नुभएको थियो । पैगम्बर मुहम्मद (सल्ल.) मदीना आउनुभएपछि उहाँले नबबी मस्जिदनजिकै एउटा शैक्षिक संस्था स्थापना गर्नुभयो । यसलाई मदरसा-ए-सुफ्फा भनिन्थ्यो । यस शैक्षिक संस्थामा विद्यार्थीहरूलाई बस्ने सुविधा पनि थियो जहाँ गरीब र शहरबाहिरका विद्यार्थीहरू बस्ने गर्थे । अबू होरैर:, मुयाज इब्न जबाल, अबूजर जिफारी जस्ता सहाबीहरू त्यहाँका विद्यार्थी थिए । यो मदरसा बिस्तारै मदीनाको केन्द्रीय शैक्षिक संस्थाको रूपमा रूपान्तरण भयो ।

ईसाको सातौं शताब्दीमा इस्लाम धर्मको उदय भएदेखि नै मदरसा परम्परागत इस्लामी ( धार्मिक) शिक्षाको लागि मुस्लिम समुदायद्वारा भरोसायोग्य ठाउँ बन्न थालेको थियो ।

साउदी अरबबाहिर पहिलो मदरसा फातिमिद खलिफाहरूद्वारा १००५ मा इजिप्ट (मिश्र) मा स्थापना भएको मानिन्छ । यस पहिलो मदरसामा सबै प्रकारकारका सामग्रीहरू उपलब्ध थियोस जस्तै– पुस्तकालय, विभिन्न विषयहरू पढाउने शिक्षकहरू । यस मदरसाको उल्लेखनीय कुरा चाहिँ यसको पाठ्यक्रम थियो जसमा धार्मिक शिक्षा, खगोल शास्त्र, वास्तुकला र दर्शनशास्त्र समावेश थिए । सुन्नी मुस्लिमहरूले मिश्र (इजिप्ट) कब्जा गरेपछि उनीहरूले इस्लामको आफ्नै अवधारणा प्रतिस्थापित गरे र त्यहाँ प्रारम्भिक ज्ञानमा आधारित पुस्तकहरू समावेश गराए ।

बग्दादमा निजाम-उल-मुलक हसन बिन्-अल् तुसीले १०६७ मा निजामिया नामको पहिलो व्यवस्थित मदरसाको स्थापना गरे । निजामिया मदरसाले कर्मचारी, प्रशासक, शाही अदालतका लागि न्यायधीश र मुफ्ती (धर्माधीश) सम्बन्धी प्रशिक्षण दिने योजना बनायो । यस मदरसाका शिक्षक तथा विद्यार्थीहरू कुलीन वर्गका थिए । मदरसाका मुख्य लक्ष्यहरूमध्ये पहिलो चाहिँ प्रशासक हुने लायकका कर्मचारी उत्पादन गर्नु र फिक: (इस्लामी विधिशास्त्र) को अध्यापन गराउनु थियो । मदरसाको यो लक्ष्य परिपूर्ति भइरहेको थियो ।

सुन्नी सम्प्रदायका हनफी, हम्बली, मालिकी र साफई सबै खेमाका मदरसाहरूका आ-आफ्नै पाठ्यक्रमहरू थिए । यी मदरसाहरूको मुख्य लक्ष्य भनेको इस्लामी कानूनको समझ विकसित गर्नु नै रहेको थियो । त्यसैले यिनमा कुरआन, हदीस, कियास (कारणमा आधारित तर्क), इज्मा (मुस्लिम समुदायको सामूहिक निर्णय) प्रमुख विषयहरू समावेश थिए । यी मदरसाहरूको पाठ्यक्रममा अरबी व्याकरण, तर्क शास्त्र, दर्शन शास्त्र आदि विषयहरू पनि समावेश गरिएका थिए ।

*क्रमश:...*


हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राम शंकर मिश्र**

**मेयर, जलेश्वरनाथ नगरपालिका**

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**वेद नारायण गच्छदार**

**मेयर, दुहबी नगरपालिका**

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**निसार अहमद खाँ**

**मेयर, शुद्धोधन गाउँपालिका**

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सलमा खातुन**

**उपमेयर, पोखरिया नगरपालिका**


## मधेश अपडेट

### "प्रदेश २ को नाम मिथिला प्रदेश राख्नुपर्ने"

जनकपुरधाम । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले प्रदेश २ को नाम मिथिला प्रदेश राखनुपर्ने धारणा राखेका छन् । उनले प्रदेश २ को प्राचीनता र सांस्कृतिक गरिमालाई दृष्टिगत गरी मिथिला प्रदेश नामाकरण गर्नुपर्ने धारणा राखेका हुन् । नेपाल प्रेस युनियन धनुषाद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा उनले सो कुरा बताएका छन् । उनले केन्द्रीय र प्रादेशिक सरकार सङ्घीयता समाप्त पार्न उद्यत रहेकोसमेत आरोप लगाए । उनले भने, "प्रादेशिक सरकार केन्द्रीय सरकारको सङ्घीयता समाप्त पार्न साझेदारको भूमिका निर्वाह गरिरहेको छ ।"

### "करको बोझ थोपार्ने पक्षमा सरकार छैन"

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश ५ का वन बातावरण तथा उद्योग मन्त्री लिला गिरीले जनतालाई करको बोझ थोपार्ने पक्षमा सरकार नरहेको भन्दै आवश्यकताका आधारमा पुनरावलोकन गर्न तयार रहेको बताए । कुखुरामा पनि कर लगाइयो भनेर हल्ला फैलाइएको छ, हाट बजारमा पसल राखेर तिरेको बैठकीलाई पनि कर लियो भनेर हल्ला गरियो गिरीले भने । तिलोत्तमा व्यापार संघले आयोजना गरेको शुभकामना आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले सरकारका कामलाई नकारात्मक हल्ला फैलाएर बदनाम गराउने काम भएको बताएका छन् । नागरिकका अपेक्षा बमोजिम परिणाम नआउंदा निराश हुनु जायज भएपनि सरकारले गरेका राम्रा कामको चर्चा कम भएको टिप्पणी भएको बताएका छन। मन्त्री गिरीले मिडिया पनि सरकारको बदनाम गर्न हात धोएर लागे जस्तो लाग्छ, सरकारले बाटो बनाउन लाग्दा अदालतले ज्यादती गरेर रोक्यो भनेर कसैले टिप्पणी गर्दैनन् ।

### प्रधानमन्त्री र गृहमन्त्रीको पुतला दहन

वीरगन्ज । स्वतन्त्र मधेश गठबन्धन पर्साका नेता कार्यकर्ताहरूले प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रामबहादुर थापाको पुतला जलाएका छन् । रौतहटको गौरबाट पक्राउ परेका गठबन्धनका केन्द्रीय संयोजक डा.सीके राउतसहितका नेता कार्यकर्ताहरूको रिहाईको माग गर्दै प्रधानमन्त्री र गृहमन्त्रीको पुतला जलाएका छन् । डा.राउतसहितका नेता कार्यकर्ताहरूको पक्राउविरूद्धमा यसअघि पनि सिरहा, धनुषा र सप्तरीमा पुतला जलाएका थिए ।

### मुख्यमन्त्रीद्वारा सीमानाका निरीक्षण

धनगढी । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले सीमावर्ती गौरीफन्टा नाकाको निरीक्षण गरी उक्त नाका हुँदै भित्रिइरहेका नागरिकले झेल्नु परेको समस्याका बारेमा जानकारी लिएका छन् । चाडपर्वको समयमा उक्त नाका हुँदै भित्रिने नेपालीमाथि ज्यादती हुने गरेको गुनासो बढेपछि मुख्यमन्त्री भट्टले निरीक्षण गरेका छन् । सुदूरपश्चिम प्रदेशमा गौरीफन्टा नाका नेपालीको आवागमन हुने मुख्य नाका हो । वडादशैँ र तिहार पर्व नजिकिएसँगै यति बेला सो नाका हुँदै दैनिक चार सयदेखि हजार नेपाली स्वदेश भित्रिइरहेको बताइएको छ । यसरी भित्रिनेसँग सीमाका अधिकारीले अनावश्यक रूपमा दु:ख दिने गरेका घटना बेलाबखत हुने गरेका छन् ।

### विद्यावारिधि गर्ने गुप्ता पहिलो नेपाली

इटहरी । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, रेडियोलोजी विभागमा कार्यरत अरूण गुप्ताले 'न्युक्लियर मेडिसिन तथा मोलिक्युलर इमेजिङ' विषयमा विद्यावारिधि प्राप्त गरेका छन् । सिओल नेशनल युनिभर्सिटी कोरियाबाट सो विषयमा विद्यावारिधि प्राप्त गर्ने उनी नेपालमै पहिलो व्यक्ति भएको प्रतिष्ठानले जनाएको छ । यो विषयमा विद्यावारिधि प्राप्त गर्ने आफू पहिलो नेपाली हुन पाएकोमा निक्कै गर्व महसुस भएको गुप्ताले बताए ।

### विराटनगरमा "विराट ट्रेड एक्स्पो-२०७५" हुने

विराटनगर । मोरङ व्यापार सङ्घको आयोजनामा विराटनगरमा 'विराट ट्रेड एक्स्पो-२०७५' हुने भएको छ । आगामी पुस ६ देखि १४ गतेसम्म चल्ने 'विराट ट्रेड एक्स्पो-२०७५' मा रू २५ करोड कारोवार हुने बताइएको छ । सङ्घद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा आगामी पुस ६ देखि १४ गतेसम्म सञ्चालन हुने एक्स्पोमा भारत, श्रीलङ्का र स्वेदशका गरी २७५ वटा स्टल रहने मेला संयोजक अनुपम राठीले जानकारी दिए । प्रत्येक वर्ष सञ्चालन हुँदै आएको एक्स्पोमा स्वदेशी तथा विदेशी राष्ट्रको लगानीकर्ता र उत्पादक, वितरक र निर्यातलाई एकै ठाउँमा राखी प्रत्यक्ष रूपमा अवलोकन गराउने उद्देश्यले एक्स्पोको आयोजना गरिएको उनले बताए ।

### ५३ ऱ्याकसहित रेल जनकपुरधाम आइपुग्यो

जनकपुरधाम । भारत सरकारको सहयोगमा निर्माणाधीन कर्था-जनकपुर-जयनगर रेल्वेअन्तर्गत जयनगरबाट जनकपुरसम्म मालवाहक रेल आएको हो । भारतको झारखण्डबाट ब्लास्ट (रेल्वे लिकमा प्रयोग हुने गिट्टी) सहित रेल जनकपुरधाम आइपुगेको छ । बुधबार ब्लास्ट बोकेको ५३ ऱ्याकसहित रेल जनकपुर आइपुगेको हो । रेल तथा मेट्रो विकास आयोजना साइट कार्यालय जनकपुरका प्रमुख इञ्जिनियर विनोदकुमार ओझाले तयारी अवस्थामा रहेको लिकभित्र राख्न ब्लास्ट भारत पाखौर झारखण्डबाट मालवाहक रेलमा ल्याइएको बताए । प्रतिघण्टा १० किलोमिटरको गतिमा आएको मालवाहक रेलको ऱ्याकमा लोड गरिएको ब्लास्ट मजदुरले लिकमा झार्दै आएका हुन् । यसअघि लिक परीक्षणका लागि टोम्पिङ चलाइएको थियो । निर्माणाधीन अवस्थामा रहेको लिकबाट पहिलो पटक ५३ ऱ्याक सहितको रेल्वे जनकपुर आएको हो ।

### रामलीला मञ्चनको रौनक सुरू

नेपालगञ्ज । बडादशैंसँगै नेपालगञ्जमा रामलीला मञ्चनको रौनक शुरू भएको छ । नेपालगञ्ज उपमहानगरपालिका- १३ बाँके बगियास्थित रामलीला मैदानमा मञ्चनको अन्तिम तयारी गरिएको छ । रामलीला क्षेत्रमा सरसफाइ, मैदान सम्याइ, सङ्गीत प्रणाली जडान र त्रिपाल लगाउने काम सकिएकाले रौनक छाएको सञ्चालक समितिका महामन्त्री जगदीशप्रसाद वैश्यले बताए । वृन्दावनका प्रसिद्ध कलाकार राधारमण शर्मा नेतृत्वको २५ जनाको टोली नेपालगञ्ज आइसकेको छ ।

### सुदूरपश्चिम प्रदेशको मन्त्रिपरिषद् विस्तार

धनगढी । सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री त्रिलोचन भट्टको सिफारिशमा नेपालको संविधानको धारा १६८ बमोजिम मन्त्रिपरिषद् विस्तार गरिएको छ । विस्तारित मन्त्रिपरिषद्मा कञ्चनपुर निर्वाचन क्षेत्र ३ बाट प्रदेशसभामा निर्वाचित सदस्य प्रकाश रावल उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्रीमा नियुक्त भएका छन् । रावल तत्कालीन नेकपा एमालेका नेता हुन् । राज्यमन्त्री रावलले मुख्यमन्त्री भट्टसमक्ष पद तथा गोपनीयताको शपथ लिएका छन् ।

### ५ जनामाथि राज्य विप्लवको मुद्दा

रौतहट । चार वर्षीया छोरीसहित रौतहट जिल्ला अदालतमा पेशीमा पुगेका स्वतन्त्र मधेश गठबन्धनको केन्द्रीय संयोजक डा.सीके राउतसहित १४ जनालाई गिरफ्तार गरिएको थियो । गिरफ्तार १४ जनामध्ये संजय स्वराजी, रामेश्वर यादव, विरेश चौरसिया,राम पिरित पटेल,ओम प्रकाश साह सहित ९ जना रिहा भएका छन् । डा. सीके राउत, विरेन्दर साह, अशोक सिंह, दिनेशलाल यादव र जय प्रकाश साह माथि राज्य विप्लवको मुद्दा जिल्ला प्रहरी कार्यालय रौतहटले चलाएको छ । डा. राउत, विरेन्दर साह र अशोक सिंहमाथि पहिला पनि यहि मुद्दा चलाएको थियो । सोमबार जिल्ला अदालत रौतहटबाट ४ दिनको म्याद थप गरि अनुसन्धान चलाएको छ ।

### नगरपालिकाद्वारा सहयोग

जलेश्वर । महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाले उपचारबाट बन्चित एक महिलालाई २५ हजार नगद सहयोग गरेको छ । मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले उपचारबाट बन्चित मटिहानी नगरपालिका वडा नं. २ बरदाहा बस्ने नथुनी यादवकी पत्नी फुलकुमारी देवीलाई २५ हजार नगद दिएर सहयोग गरेका हुन् । स्थानीयबासीहरूले घरमा कमाउने व्यक्ति कोही नभएको तथा रकम अभावमा उपचारबाट बन्चित भइरहेको खबर गरेपछि मेयर मण्डलले नगरपालिकाको तर्फबाट सो रकम प्रदान गरेका हुन् । उनले पति ९ महिना अगाडी वितेपछि आफैले काम गरेर एक छोरा र एकछोरीलाई पालनपोषण गर्ने फुलकुमारी आफै अहिले पारालाइसिसले गलेपछि सहयोग गरिएको बताए ।

# राजपाको धम्की र संशोधनको राजनीति



संगीता रेग्मी

स्थिर सरकार नभएर देश समृद्ध बन्न सकेन भन्ने गुनासो हरेक क्षेत्रमा सुनिन्छ । व्यापार, शिक्षा, स्वास्थ्य, कुटनीति, अर्थतन्त्र लगायत हरेक क्षेत्रको दिगो विकासको लागि स्थायी सरकार आवश्यक हुन्छ । लामो संघर्षपछि देशमा संविधानसभा मार्फत् संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान जारी भएर पनि ३ वर्षको समय काटिसकेको अवस्थामा अझ पनि असन्तुष्टि कायम नै छ । संविधानमा धारा १६ देखि ४६ सम्ममा विभिन्न शीर्षक दिएर मौलिक हक सम्बन्धी व्यवस्था गरिएको छ । तर, त्यसमध्ये धेरैजसो धाराहरूको कार्यान्यवयका लागि आवश्यक पर्ने कानुन अझै बनिसकेको छैन । विभिन्न उतार-चढावका बाबजुद पनि अहिलेसम्म दुई तिहाई बहुमत प्राप्त सरकारको नेतृत्व केपी ओलीले गरिरहेका छन् ।

पछिल्लो समयमा जनताको अपेक्षा अनुरूप सरकारले काम गर्न नसकेको आरोप लागिरहेको छ । एकातिर ३३ किलो सुन प्रकरणमा दोषी पक्राउ गर्न नसक्नु, यातायातको सिडिन्केट कायम रहनु, महँगी नियन्त्रण गर्न नसक्नु, हत्या, हिंसा लगायतका आपराधिक गतिविध बढ्दै जानु, निर्मला पन्त, श्रेया कार्की जस्ता कैयौं चेलीहरूको बलात्कारी र हत्यारा पत्ता लगाउन नसक्नु जस्ता कारणले पनि सरकारको आलोचना तीव्र रूपमा बढ्दै गएको छ ।

विभिन्न विरोधाभाषका बीचमा रहेका प्रधानमन्त्रीलाई संविधान निर्माणको समयदेखि नै असन्तुष्ट रहँदै आएको मधेश केन्द्रित दल राष्ट्रिय जनता पार्टी नेपालले असोज २२ गते ज्ञापन पत्र बुझाएको छ । सरकार निर्माणको क्रममा दुई तिहाई बहुमत पुऱ्याउन संविधान संशोधनको आश्वासन दिएर राजपा नेपालबाट सरकारले समर्थन लियो । २०७२ असोज ३ गते जारी भएको नयाँ संविधानको कतिपय प्रावधान मार्फत नियतवश नै मधेशी, थारू, जनजाती, मुस्लिम, एवम् उपेक्षामा पारिएका समुदायका संवैधानिक अधिकारहरूलाई कटौती गरिएको प्रति उनीहरूको असन्तुष्टि जस्ताको त्यस्तै रहेको छ भने यता सरकार संविधान संशोधनको विषयलाई आवश्यक्ता र औचित्यका आधारमा गर्ने भनेर अल्झाइरहेको छ ।

विगतमा पनि बलियो सरकार बनाउनको लागि सहमति गर्दै जाने, समर्थन लिँदै जाने तर सहमति कार्यान्वयन नगर्ने प्रचलन रहँदै आएको थियो । अहिले पनि व्यवस्था मात्र फेरिएको हो अवस्था फेरिएको छैन । संविधान संशोधन गर्न नसकेको, जनताको अपार मत पाएर कैलाली-१ बाट निर्वाचित राजपा नेपालका सांसद रेशम चौधरीको शपथग्रहण गर्न नदिइएको, थरूहट आन्दोलनकारीलाई झुठा आपराधिक मुद्दा लगाई हिरासतमा राखिएको लगायत गिरफ्तार गरि प्रहरी हिरासतमा राममनोहर यादवको हत्या गरिएको, कुटनीतिक क्षेत्रमा यो सरकार असफल हुँदै गएको आदि विभिन्न विषयमा सरकारको ध्यान आकर्षण गराउनु राजपाको ज्ञापन पत्रको मुख्य उद्देश्य थियो । आफूसँग सहमति भएका विषय कार्यान्वयन नगरे छठपछि सरकारलाई दिएको समर्थन फिर्ता लिएर आफूहरू पुन: संघर्ष र आन्दोलनमै जानुपर्ने बाध्यता रहेको ज्ञापन पत्र मार्फत प्रधानमन्त्रीलाई चेतावनी दिएर फर्किएका छन् । साथै राजपाले त्यसबाट उत्पन्न हुने सम्पूर्ण परिस्थितीको जिम्मेवारी प्रधामन्त्रीले लिनुपर्ने ज्ञापन पत्रमा उल्लेख गरेका छन् ।

जुन आशा र अपेक्षा केपी ओली माथि जनताको रहेको थियो त्यो उनको नेतृत्वको सरकारले गरेको व्यवहारका कारण ती अपेक्षा घट्दै गईरहेको छ । संविधान संशोधनलाई मुद्दा बनाएर सरकारमा गएको फोरम नेपालको पहल खासै नभइरहेको अवस्थामा संशोधनको लागि दबाब सिर्जना गर्न पनि राजपा नेपाल अगाडि आएको छ । संविधान गतिशिल दस्तवोज हो । यो परिवर्तनशील हुन्छ तर केपी ओली आवश्यक्ता र औचित्यको आधारमा संविधान संशोधन गर्छु भन्ने राजपा र फोरम संविधान संशोधनको लागि सरकारलाई समर्थन गरेका छौं भनिरहने मात्र हो भने समस्याको दिर्घकालीन समाधान निस्कदैन । प्रधानमन्त्रीले यो–यो विषयमा संविधान संशोधन हुनसक्छ भनेर एउटा निर्णयमा पुग्न ढिला भइसकेको अवस्था छ भने राजपा नेपाल पनि अब आन्दोलनको बाटोमा नगई दुई तिहाईको बहमुत प्राप्त सरकारबाट नै संविधान संशोधन लगायत अन्य मुद्दाहरूलाई सम्बोधन गराई अगाडि बढ्न जरूरी छ । आन्दोलन र विद्रोहले कहिल्यै शान्ति स्थापना हुन सक्दैन ।

संविधान निर्माणसँगै देश शान्तिको बाटोमा अग्रसर हुनुपर्छ । फेरि आन्दोलन र युद्धतिर अगाडि बढ्न थालियो भने अनेक कारणबाट अन्य प्रदेशभन्दा कमजोर रहेको २ नम्बर प्रदेशको विकास बर्षौ पछाडि धकेलिन सक्छ । सरकारलाई समर्थन गरेको राजपा र सरकारमै सहभागी भएको फोरम नेपालले संविधान संशोधनको एजेण्डालाई सत्तामा जाने भऱ्याङ मात्र बनाएर मधेशी जनताको शहादतको अपमान गर्नुहुँदैन । यस्तै, प्रधानमन्त्रीले राष्ट्रका हरेक नागरिकले संविधानको अपनत्व महसुस गरेर सर्वस्वीकार्य संविधान बढाउने दिशामा अगाडि बढ्नुपर्दछ ।

> विगतमा पनि बलियो सरकार बनाउनको लागि सहमति गर्दै जाने, समर्थन लिँदै जाने तर सहमति कार्यान्वयन नगर्ने प्रचलन रहँदै आएको थियो । अहिले पनि व्यवस्था मात्र फेरिएको हो अवस्था फेरिएको छैन ।

## संक्षिप्त समाचार

### निवृत्त शिक्षकको विदाई

रामसेवक यादव, कपिलवस्तु । कपिलवस्तुको यशोधरा गाउँपालिका अन्तर्गत सेवा अवधिबाट निवृत्त भएका शिक्षकहरूको आज एक समारोहका बीच विदाई तथा सम्मान गरिएको छ । यशोधरा गाउँपालिका स्तरीय नेपाल शिक्षक संघले आयोजना गरेको दशैं तथा दिपावली पर्वको शुभकामना आदान प्रदान कार्यक्रममा त्यस गाउँपालिका भित्रका निवृत्त शिक्षक रामशुभाग यादव तथा रमेश प्रसाद ओझालाई सम्मानका साथ उहाँहरूको योगदानको कदर गर्दै विदाई गरिएको छ । यशोधरा गाउँपालिकाका नेपाल शिक्षक संघका अध्यक्ष वृहस्पती पाण्डेयको अध्यक्षता , नेपाली कांग्रेसका पूर्व जिल्ला सभापति सुधाकर पाण्डेको विशिष्ठ अतिथ्यतामा भएको कार्यक्रममा वडा अध्यक्ष श्यामनारायन उपाध्याय , नेपाल शिक्षक संघका जिल्ला अध्यक्ष अफाक मुसलमान लगायतका अतिथिहरूको सहभागिता रहेको थियो ।

### औद्योगिक प्रदर्शनी तथा व्यापार मेला सुरू

चन्द्रकान्त खनाल, रूपन्देही । बुटवलमा शुक्रबारदेखि राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा व्यापार मेला सुरू भएको छ । उद्योग व्यापार संघ बुटवलको आयोजना असोज २८ गतेसम्म बुटवलमण्डपमा सञ्चालन हुने प्रदर्शनी तथा मेलाको मुख्य मन्त्री शंकर पोखरेलले उद्घाटन गरे । उद्घाटन मा बोल्दै मुख्यमन्त्री पोखरेलले व्यापार व्यवसायलाई ग्रामिण अर्थतन्त्रसँग नजोडेसम्म नेपाली अर्थतन्त्रको दिगो विकास नुहने बताएका छन् ।

### घाइते बालिकाहरूलाई सांसदद्वारा सहयोग

वीरगन्ज । संघीय समाजवादी फोरम नेपाल पर्साका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य प्रदीप यादवले वीरगन्जको लालबंगला परिसरमा सोमबार साँझ ह्युमपाइपले च्यापिएर घाइते भएका बालिकाहरूको उपचार खर्चका लागि आर्थिक सहयोग गरेका छन् । काठमाडौंको बिएण्डबी अस्पतालमा उपचार गराइरहेका पर्साको जीराभवानी गाउपालिका वडा नम्बर १ स्थायी घर भइ हाल वीरगन्ज ९ रानीघाटमा बस्दै आएका गोविन्द चौधरीकी छोरीहरू १० वर्षकी अनुष्का चौधरी र सात वर्षकी अंकीता चौधरीलाई मंगलबार बिहान अस्पतालमै पुगेर सांसद यादवले जनही २५/२५ हजार रूपैयाँ नगद सहयोग गरेका हुन् ।

### नेत्र ज्योति संघ कपिलवस्तुमा शर्मा विजयी

इमरान खान, कपिलवस्तु । नेपाल नेत्र ज्योति संघ कपिलवस्तुको निर्वाचन २०७५ सम्पन्न भएको छ । सम्पन्न निर्वाचनबाट अध्यक्षमा रमेश शर्मा विजयी भएका छन् भने सदस्यहरूमा मनोज कुमार श्रीवास्तव, गोपाल भण्डारी, राजेश उपाध्याय, प्रेम मोहन सिंह, जनार्दन पराजुली, बिरेन्द्र कुमार बर्मा, बलराम घिमिरे, ध्यानेन्द्र मणि त्रिपाठी, कृष्ण केश श्रेष्ठ, कृष्ण कुमार के.सी. निर्वाचित भएका छन् । त्यस्तै, महिलमा रिता मिश्रा र माधुरी श्रेष्ठ विजयी भएका छन् ।

### मुख्यमन्त्रीद्वारा शुभकामना

विराटननगर । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले नेपालीहरूको महान पर्व विजया दशमीको उपलक्ष्यमा शुभकामना व्यक्त गरेका छन् । उनले देश समृद्ध बनाउन सबैको सहयोग आवश्यक रहेको बताएका छन् । मोरङ व्यापार सङ्घद्वारा बुधबार आयोजित बडादशैं, दीपावली, छठ-२०७५ को उपलक्ष्यमा शुभकामना आदान कार्यक्रममा उनले सो कुरा बताएका हुन् । नेपालीका विभिन्न चाडपर्वले विभिन्न समुदायबीच आपसी भाइचारा र एकतामा बाँध्ने गरेको बताउँदै देशको विकासमा समेत सबै एकजुट भई अगाडि बढ्नुपर्नेमा जोड दिए ।

### ग्रामीण क्षेत्र प्रतिमा र भजनले झकिझकाउ

बुटवल । रूपन्देहीका थारू र मधेशी समुदायमा दशैंको उत्साह र उमङ्ग देखिएको छ । जिल्लाका विभिन्न ग्रामीण क्षेत्र भगवानका प्रतिमा र भजनले झकिझकाउ देखिएका छन् । बुधबारदेखि शुरू भएको नवदुर्गामा उनीहरूले रूपन्देहीका विभिन्न ठाउँमा बाजागाजासहित नवदुर्गालगायतका भगवानको प्रतिमा स्थापना गरी व्रत बसेर पूजा गर्ने परम्परा रहेको छ । जिल्लाको सैनामैना नगरपालिका, शुद्धोदन गाउँपालिका, कञ्चन गाउँपालिका, सियारी गाउँपालिकालगायतका विभिन्न स्थानमा दुर्गा भवानी, श्री गणेश, कार्तीकेय, लक्ष्मी, सरस्वतीको प्रतिमा पूजा गरे मनोकामना पूरा हुने धार्मिक विश्वास रहेको शुद्धोदन गाउँपालिका-१ सिसैका स्थानीय बाबुराम पालले जानकारी दिए ।

### कारकादौंमा महिन्द्रा टु-ह्वीलरको शोरूम

दिनेश ठाकुर, नेपालगञ्ज । अग्नी मोटो इन्कले महिन्द्रा टु ह्वीलरको लागि नेपालगञ्जको कारकादौंमा आधिकारिक शोरूमको स्थापना गरिएको छ । बुधबार शोरूमको औपचारिक उद्घाटन गरिएको छ । शो रूमको स्थापना पनि सर्वसुलभ र सहज तरिकाबाट कम्पनीका थ्री एस अर्थात सेल्स, सर्भिस र एसेयरपार्टस सम्बन्धी गुणस्तरीय सेवा प्राप्त गर्ने कम्पनीले जनाएको छ । नयाँ शोरूमबाट अग्निमोटो इन्कले दशैं, तिहार तथा छठ जस्ता चाडपर्वको अवसरमा मुल्य कति स्क्रयाच गरी आउँछ जति योजना लागु गर्दैछ । कम्पनीका बजार निर्देशक प्रत्युस श्रेष्ठ, नेपालगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष नन्दलाल बैश्य, अग्रज पत्रकार पुर्णलाल चुके लगायत कार्यक्रममा उपस्थित थिए । कार्यक्रम ग्रेस एण्ड ग्लोबल ट्रेडिङ प्राली का अध्यक्ष वेद प्रकाश सिंह ठकुरीको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

### बुटवलमा सस्तो बजार शुरू

रूपन्देही । बुटवल उद्योग वाणिज्य सङ्घले उपभोक्तालाई एकै ठाउँबाट आवश्यकपर्ने वस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले बुधबारदेखि यहाँ दशैं सस्तो बजारको शुभारम्भ गरिएको छ । 'गुणस्तरीय सामान प्रयोग गरौं, दशैं सस्तो बजार अवलोकन गरौं' भन्ने मूल नाराका साथ बाल मन्दिरमा शुरू भएको सस्तो बजारमा बजारको मूल्यभन्दा सस्तो दरमा खाद्यान्नका सामान पाइने संयोजक नरीश्वर शर्माले जानकारी दिए । पाँच दिनसम्म चल्ने सो बजारमा चिनी, घिउ, तेललगायत दैनिक उपभोग्य सामग्रीका ४० वटा कक्ष राखिएका छन् । दशैं बजारमा उपभोक्ताको मागलाई ध्यानमा राखेर दशैंका लागि नयाँ नोट साट्ने व्यवस्था मिलाइएको छ । प्रतिव्यक्ति रू पाँच हजारसम्म नयाँ नोट साट्ने व्यवस्था गरिएको छ ।

### खैरो हेरोइन सहित २ जना पक्राउ

बाँके । बाँके बैजनाथ गाउँपालिका-१ बस्ने १५ बर्षीय मनोज बिक र सोही ठाउँ बस्ने १८ बर्षीय रमेश क्षेत्रीलाई अवैध लागूऔषध खैरो हेरोइन करिब ३ ग्राम सहित बुधबार प्रहरीले पक्राउ गरेको छ । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाह चेक प्वाईन्टमा ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरी टोलीले रूपैडियाबाट नेपालगंजतर्फ आउँदै गरेको रिक्सामा जाँच गर्ने क्रममा रिक्सामा सवार उनीहरूले लुकाई छिपाई ल्याएको उक्त अवैध लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### ट्याक्टर दुर्घटनामा दुईको मृत्यु

कैलाली । बर्दगोरिया गाउँपालिका-२ फल्लेबिसौनास्थित सडकमा से.१ त ३९६९ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना हुँदा ट्याक्टर चालक बर्दगोरिया गाउँपालिका-१ बस्ने ४५ वर्षीय डागु चौधरी र ट्याक्टरमा सवार सोही गाउँपालिका ३५ वर्षीय सुरज कथरियाको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका ट्याक्टरमा सवार सोही स्थान बस्ने २० वर्षीय भीम कथरियाको बर्दगोरिया अस्पतालमा उपचार भइरहेको छ ।

### कानूनी अधिकारबारे दुईदिने तालिम सम्पन्न

विराटनगर । प्रदेश नं १ का आदिवासी महिलालाई भूमिमाथिको कानूनी अधिकारबारे जानकारी दिने उद्देश्यले दुईदिने तालीम सम्पन्न भएको छ । राष्ट्रिय आदिवासी जनजाति महिला सङ्घ (निफ) को आयोजनामा भूमिमाथिको कानूनी अधिकार र व्यावहारिक पक्षका बारेमा जानकारी दिन तालीमको आयोजना गरिएको हो । राष्ट्रिय आदिवासी जनजाति महिला सङ्घको महासचिव शान्ति देवानले जनजाति बसोबास रहेको भूमिको संरक्षण गर्न कानूनको जानकारी दिन यस्तो तालीम आयोजना गरिएको जानकारी दिए ।

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**उमाशंकर अरगरिया**

सांसद

संघीय समाजवादी फोरम, नेपाल

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**प्रदीप यादव**

सांसद

संघीय समाजवादी फोरम, नेपाल

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**रामबाबु यादव**

सांसद

संघीय समाजवादी फोरम, नेपाल

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**एकवाल मियाँ**

सांसद

राष्ट्रिय जनता पार्टी नेपाल

हिन्दूहरूको महान पर्व विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**शिवकुमार मण्डल**

सांसद

नेपाल कम्युनिष्ट पार्टी

हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**रानी मण्डल**

सांसद

राष्ट्रिय जनता पार्टी नेपाल

# समर्थन फिर्ता लिन बाध्य हुँदैछौं : राजपा

**सम्माननीय प्रधानमन्त्रीज्यू,**
**प्रधानमन्त्री तथा मन्त्रीपरिषदको सचिवालय,**
**नेपाल सरकार,**
**सिंहदरवार, काठमाण्डौ ।**

**विषय : ज्ञापन-पत्र ।**

**सम्माननीय प्रधानमन्त्री महोदय ,**
संघीय लोकतान्त्रिक ब्यवस्थामा पूर्णविश्वास गर्दै देशमा संघीयता र गणतन्त्र स्थापनाको लागि मधेशी, जनजाती एवं उपेक्षामा पारिएका जनताले गरेको गौरवपूर्ण बलिदान र योगदान यहाँलाई विदितै छ । २०७२ असोज ३ गते जारी भएको नयाँ संविधानको कतिपय प्रावधान मार्फत नियतवश मधेशी, थारू, जनजाती, मुस्लीम, एवं उपेक्षामा पारिएका समुदायका संवैधानिक अधिकारहरूलाई कटौती गरिएको प्रति हाम्रो तीब्र असन्तुष्टिका बाबजुद दशकौं देखि गर्दै आएको संघर्षको उपलब्धि स्वरूप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र प्रतिको हाम्रो प्रतिबद्धता एवं संघीयता र गणतन्त्रलाई संस्थागत गर्ने प्रथम दायित्वबोधको कारणले रापजा नेपाल गत वर्ष सम्पन्न दोश्रो चरणको स्थानीय निर्वाचनका साथै प्रादेशिक र संघीय संसदको निर्वाचनमा सहभागी भएको थियो ।

नेपाल कम्युनिष्ट पार्टीको दुई तिहाईको शक्तिशाली प्रधानमन्त्रीको रूपमा यहाँले सार्वजनिक रूपमै संविधान संशोधनको प्रक्रियालाई अगाडी बढाउने र मधेश-थरूहट आन्दोलनसँग सम्बन्धीत मुद्दाहरूको समस्या समाधान गर्ने प्रतिबद्धता जनाएको हुनाले यहाँलाई प्रधानमन्त्री पदको निर्वाचनमा मतदान गरेका थियौं । सरकार गठन भएको ७ महिना बितिसक्दा पनि यहाँका तर्फवाट उक्त सवालहरूमा हालसम्म कुनै पहल कदमी नहुनु दुर्भाग्यपूर्ण हो । अहिले सम्म सरकारको प्राथमिकतामा समेत यो विषयहरू नपरेको हाम्रो निष्कर्ष हो ।

**सम्माननीय प्रधानमन्त्री महोदय ,**
अत्यन्त आशा, विश्वास, भरोसा र उत्साहपूर्वक यहाँको नेतृत्वमा दुई तिहाई बहुमतको सरकार बन्यो तर यो सरकार हरेक मामिलामा असफल हुँदै गईरहेको छ । दुई तिहाईको सरकारले संविधान संशोधन गर्न सकिरहेको छैन, जनताको अपार मतबाट कैलाली-१ बाट निर्वाचित राजपा नेपालका सांसद श्री रेशम चौधरीको

## दस्तावेज



प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउन बालुवाटार पुगेका राजपा अध्यक्षमण्डलका नेताहरू ।

शपथग्रहण नहुनु लोकतान्त्रिक व्यवस्थामा जनताको मतादेशको सर्वोच्चताको खिल्ली उडाउने काम भएको छ, थरूहटका आन्दोलनकारीलाई झुठा आपराधिक मुद्दा लगाई हिरासतमा राखिएको मात्र हैन, थरूहट आन्दोलनको क्रममा टिकापुरमा भएको प्रदर्शन, त्यसमा घटेका अप्रिय घटनाको भोलीपल्ट ८ गतेका दिन त्यही टिकापुरमा थारूहरूको घरघरमा आक्रमण गरि गरिएका बलात्कार, लुटपाट र आगजनीका घटनाका अपराधीलाई अझ पनी कारवाही नगरिनु प्रति राजपा नेपालको गम्भीर आपत्ति रहेको छ । मधेश र थरूहट आन्दोलनकारी झुठा मुद्दामा फसाईएका र बन्दी बनाइएकाहरूलाई रिहा गर्न सकिएको छैन, स्वास्थ्य मन्त्रीलाई कालो झण्डा देखाए बापत गिरफ्तार गरि प्रहरी हिरासतमा राममनोहर यादवको हत्या गरिएको छ, एसीड प्रहारबाट घाइते भएकी र उपचार खर्चको अभावमा सम्झना दास जस्ती चेलीलाई मर्न बाध्य बनाइएको छ, कुटनीतिक क्षेत्रमा यो सरकार असफल हुँदै गईरहेको छ, महंगाई, कालोबजारी, नियन्त्रण गर्न सकिएको छैन्, निर्मला पन्त जस्ता देशकी दर्जनौं चेलीहरूको बलात्कारीलाई समात्न सकिएको छैन्, सिन्डिकेट प्रणाली माथि नियन्त्रण गर्नुको सट्टा सरकार नै सिन्डिकेटवालाको नियन्त्रणमा छ, चिकित्सक आन्दोलित छन्, पत्रकार आन्दोलित छन्, व्यवसायी आन्दोलित छन् । २०७४ को बाढी र असीना पीडितको लागी न्यायपुर्ण राहत वितरणको विषय, बाढीपीडितको लागी प्राधिकरणको गठन र भैरहेको बाढी आयोजनाको सवलीकरणको विषय, दिर्घकालीन बाढी नियन्त्रणका लागी चुरे संरक्षण गरिएन, महामहिम भारतीय प्रधानमन्त्रीको जनकपुर भ्रमणताका उहाँले घोषणा गर्नुभएको अनुदान सहयोगको रकमको आवश्यक व्यवस्थापन र योजना कार्यान्वयनको व्यवस्था गरिएन, संविधानप्रदत्त प्रदेश सरकारको अधिकारको सूचि बमोजिमको कार्य, कर्तव्य र अधिकारका साथ-साथै केन्द्र र प्रदेशको साझा अधिकारको सूची मध्ये प्रदेश सरकारले कार्यान्वयन गर्ने अधिकारको सूची निर्धारण र प्रदेश सरकारले काम गर्न सक्ने आवश्यक निजामति, प्रहरी र अन्य क्षेत्रका कर्मचारी र जनशक्तिको व्यवस्था गरि प्रदेश सरकारलाई सामर्थ्यवान एवं सु-संचालनमा संघीय सरकारको अपेक्षाकृत सहयोग भएन सहयोग भएन । त्यसर्थ, आम नेपाली जनताले शान्ति, स्थिरता र सुशासनको अनुभूति गर्न सकिरहेको छैन । समग्रमा भन्नु पर्दा यहाँको **"समृद्ध नेपाल, सुखी नेपाली"** को नारा, नारामा मात्र सिमित रहन गएको छ । मधेशी, थारू, दलित, जनजाति लगायत सीमान्तकृत वर्ग र समुदायलाई विगतमा उनीहरूले प्रयोग गर्दै आएका संवैधानिक अधिकारहरू समेत कटौती गर्ने काम गरिएको छ । वास्तवमा दुई तिहाई वहुमत प्राप्त सरकारको रवैयाले समग्र नेपाली जनता नै हतास, निरास, आतंकित र सशंकित भएका छन् । त्यसर्थ, राजपा नेपालले यहाँ नेतृत्वको सरकारलाई दिएको समर्थनको निरन्तरता कतिको औचित्यपूर्ण छ भन्ने गम्भिर सवाल खडा भएको छ ।

**सम्माननीय प्रधानमन्त्री महोदय ,**
यदि दुई तिहाई बहुमतको सरकारले सांसद रेशम चौधरीको सपथ, आन्दोलनकारी माथीको झुठा मुद्दा फिर्ता, बन्दीहरूको रिहाई गरी पार्टीले उठाउदैं आएका राजनीति र जनताको जनजीवनसँग जोडिएका मुद्दाहरूका साथै संविधान संशोधनको कुरालाई गम्भीरतापुर्वक लिदैंन र तत्काल संविधान संशोधन प्रक्रियालाई अगाडी बढाउँदैन भने राजपा नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिन बाध्य हुनेछ । र, एक पटक फेरी यो देश संघर्ष र आन्दोलनको बाटोमा धकेलिन बाध्य हुनेछ, जसको सम्पूर्ण जिम्मेवारी यहाँ नेतृत्वको सरकारको नै हुनेछ ।

..............................
(महन्थ ठाकुर)
संयोजक, अध्यक्षमण्डल
राष्ट्रिय जनता पार्टी नेपाल
मिति: २०७५/६/२२

# हवाई रूटबारे नेपाल र भारतबीच छलफल हुने

काठमाडौं । नेपालले प्रस्ताव गरेका तीन वटा क्रसबोर्डर (अन्तरसीमा) हवाई रूट सञ्चालनमा ल्याउने विषयलाई टुंग्याउन नागरिक उड्डयन प्राधिकरणका प्राविधिकहरू सम्मिलित नेपाली टोली भारत जाने भएको छ । बैठकमा दुवै देशका प्राविधिकहरूले जेठ अन्तिम साता काठमाडौंमा भएको सहमतिलाई निर्ष्कषमा पुर्‍याउने निर्णय गर्नेछन् । जेठमा भएको बैठकमा भारतले क्रसबोर्डर हवाई रूटअन्तर्गत नेपाललाई महेन्द्रनगर, भैरहवा र जनकपुर विन्दुबाट स्वीकृति दिएको थियो । अहिले भारतीय आकाश हुँदै काठमाडौं आउने वायुयानहरूले सिमराबाट छिर्नपर्ने बाध्यता छ । यदि दुवै मुलुकका प्राविधिकहरूको बैठकपछि भारतले सहमति दिएमा काठमाडौंका लागि विराटनगर, जनकपुरको आकाशको बाटो पनि खुला हुनेछ । त्यसैगरी महेन्द्रनगरबाट नयाँदिल्ली र जनकपुर-पटनाका दुइटा रूट पनि थपिनेछन् । महेन्द्रनगर र जनकपुर रूट क्रसबोर्डर उडानका लागि हो । यो रूटमा क्षेत्रीय उडान भर्ने मझौला विमानले मात्रै उड्न पाउनेछन् । भारतले यो रूटलाई दुईतर्फी बनाउन सहमति दिएको छ तर जेट विमानका लागि नभई मझौला विमानका लागि मात्रै । यो रूट नेपालगन्जदेखि दिल्लीलगायतका क्षेत्रीय सहरको उडानका लागि मात्रै प्रयोगमा आउनेछ ।

## भारतीय रेल विराटनगर आउने

काठमाडौं । ६ वर्षअघि निर्माण सुरू भएको विराटनगर बथनाह रेल्वे खण्डमा परीक्षणका लागि रेलको इन्जिन कुदाइने भएको छ । भारत बथनाहदेखि विराटनगर महाननगरपालिका १८ बुधनगरसम्म निर्माण गरिएको ट्र्याकमा परीक्षणका रूपमा रेलको इन्जिन कुदाइने भएको हो । रेलमार्ग निर्माणको ठेक्का लिएको भारतीय इरकोण इन्टरनेशनल लिमिटेडका जुनियर जनरल म्यानेजर प्रदीप कुमारले अक्टोबर महिनाभित्र नै परीक्षणकालागि ट्रायल गर्ने तयारी भएको जानकारी दिए । उनका अनुसार भारत र नेपाल तर्फ ७.६ किलोमिटर रेल्वे ट्र्याक बिच्छयाउने काम पुरा भएको छ । भारत तर्फ ५ र नेपालतर्फ करिब ३ किलोमिटर क्षेत्रमा रेल्वेको ट्र्याक बिच्छयाइएको छ । नेपालतर्फ अझै १० किलोमिटर क्षेत्रको काम बाँकी छ । रेल्वे ट्र्याक विराटनगर रंगेली सडकखण्ड अन्तरगत कटहरी खनिएको छ । ट्र्याक करिब १६ किलोमिटर खनिएपनि ७.६ किलोमिटर क्षेत्रमा मात्र रेलको लिक बिच्छयाइएको छ । निर्माणाधीन रेल परियोजनाको रेल विभाग नेपालका महानिर्देशक बलराम मिश्रसहितको टोलीले अनुगमन पनि गरेको छ । भारत सरकारले ३ अर्ब ७३ करोड भारतीय रूपैयाँको लागतमा बथनाहादेखि कटहरीसम्म रेलमार्ग निर्माण गरिरहेको छ । हालसम्म २ अर्ब ३५ करोड रूपैया बरावरको काम सम्पन्न भएको प्रदिप कुमारले जानकारी दिए ।

## सिंहलाई पत्नीशोक

काठमाडौं । स्वतन्त्र मधेश गठबन्धनका नेता चन्दन सिंहलाई पत्नीशोक परेको छ । नेता सिंहकी ४१ वर्षीया धर्मपत्नीको उपचारको क्रममा सोमबार निधन भएको पारिवारिक स्रोतले जनाएको छ । सिंहकी पत्नी डिप्रेशनको शिकार थिइन् । उनी करिब चार/पाँच महिनादेखि डिप्रेशनबाट पीडित थिइन् । स्वतन्त्र मधेश गठबन्धनले सिंहकी पत्नीको निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै परिवारजनप्रति समवेदनासमेत प्रकट गरेको छ ।



## स्थानीय सम्वाद

# १२ वटै वडालाई समेटेर रिङ्गरोड बनाउँछु



**रामशंकर मिश्र**
**मेयर, जलेश्वरनाथ नगरपालिका**

**० जलेश्वरनाथ नगरपालिकामा पछिल्लो समय देखिएको विवाद के हो ?**
– जलेश्वरनाथ नगरपालिकामा भएका सबै विवादहरू समाधान भएर सबै वडा अध्यक्ष र कार्यकारीका सदस्यहरू हातेमालो गरेर अगाडि बढिरहेका छौं । त्यस्तो नमिल्ने खालको विवाद छैन । कहिँबाट प्रयोजित ढंगले विवाद खडा गरिएको थियो तर हामी बीच त्यस्तो विवाद छैन र थिएन पनि ।

**० निर्वाचित भएर यस नगरपालिकामा आउनुभएको पनि एक वर्ष भईसकेको छ, एक वर्षको अनुभव कस्तो रह्यो ?**
– यो एक वर्ष त सिकाइमा नै बितेको मैले अनुभव गरेको छु । धेरै कुराहरू सिक्ने मौका पाएँ । अझ केही कुराहरू सिक्न बाँकी नै छ ।

**० तपाईंहरूले निर्वाचनको समयमा गर्नुभएका प्रतिबद्धता कसरी पूरा हुँदैछ ?**
– २० वर्षदेखि जनप्रतिनिधिविहीन अवस्थामा रहेको स्थानीय तहमा काम गर्न केही समस्या नै रहेको थियो । एक वर्षको अवधि योजना निर्माणमा नै बितेको छ । अब ती योजनाहरू कार्यान्वयन गरी नगरपालिकाको विकासमा ध्यान दिनेछु । यस नगरपालिका भित्र १८ किलोमिटर सडक ढलान भएको छ । उज्यालो नगर बनाउने तर्फ हामी उन्मुख भएका छौं । त्यसका लागि टावर लाईटहरू जडान गर्ने काम भइरहेको छ । त्यस्तै, शिक्षा, कृषि र स्वास्थ्य क्षेत्रमा प्रतिबद्धता गरे अनुरूप स्तोन्नति गर्न अग्रसर छु ।

**० त्यहाँका जनता नगरपालिकाको कार्यप्रति सन्तुष्ट छन् ?**
– जनता पूर्ण सन्तुष्ट छन् भनेर भन्न सक्ने अवस्था अहिले छैन । अपेक्षा यति धेरै छ कि त्यो पूरा गर्न एक वर्षमा गरिने कामले पूर्ण हुन सक्दैन । जबसम्म जनताको अपेक्षाअनुरूप काम गरेर हामी उनीहरूको नजिक पुग्न सक्दैनौ, तबसम्म जनतामा विचलन रहिरहन्छ ।

**० तपाईहरूले गर्ने काममा समस्या के छ ?**
– समस्या भनेको ठेकदारले समयमा काम नगरिदिने नै हो । सडक निर्माणको क्रममा घर भत्काउन वा अन्य संरचनाले अप्ठ्यारो पारेको अवस्था छैन ।

**० तपाईहरूले एक आर्थिक वर्षको बजेट चलाइ सक्नुभएको छ र दोस्रो आर्थिक वर्षमा प्रवेश गर्नुभएको छ । पहिले के–के काम गर्नुभयो र अबको दिर्घकालीन योजना के छ ?**
– मेन रोडको एउटा अवधारणा अगाडि आएको छ । जलेश्वर सबैभन्दा बढी बाढी प्रभावित क्षेत्र भएको हुनाले त्यसबाट जोगिन १२ वटा वडालाई नै समेटेर एउटा रिङ्ग रोडको निर्माण गर्न डिपीआर तयार भईसकेको छ । योजनाहरू निर्माण भइसकेको छ । बसपार्कको सौन्दर्यीकरण गर्ने तिर पनि हाम्रो दिर्घकालीन योजना रहेको छ । नगर योजना भन्ने पनि हाम्रो दिर्घकालीन योजना नै हो । सिँचाइको क्षेत्रमा खेत-खेतसम्म पानी पुर्‍याउन सक्यो भने धेरै ठूलो टेवा पग्छ । मधेश शिक्षामा एकदम पछाडि परेको ठाउँ हो, त्यसमा पनि हाम्रो नगरपालिका अत्यन्त कमजोर रहेको छ, त्यसैले शिक्षाको गुणस्तर सुधार गर्ने पनि हाम्रो दिर्घकालीन योजना रहेको छ ।

**० शिक्षाको क्षेत्रमा मधेशको अवस्था एकदम दयनीय रहेको भन्नुभयो, त्यसको सुधारका लागि के–कस्ता योजना छ ?**
– यस वर्षदेखि सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढाउनका लागि दिवा खाजाको व्यवस्था गरेका छौं । ड्रेसहरू वितरण गरेका छौं र शिक्षक समायोजनको प्रक्रिया पनि अगाडि बढाएका छौं । जुन शिक्षकले बालबालिकालाई उसको मनोभावना बुझेर अध्यापन गराउन सक्दैन, असक्षम छ उसलाई विभिन्न तालिम दिएर सक्षम बनाउने तर्फ पनि हामीले योजना ल्याएका छौं ।

**० विद्यार्थीहरू सामुदायिक विद्यालयभन्दा नीजि विद्यालय तर्फ बढी आकर्षित हुने गरेका छन् । यस्तो अवस्थालाई घटाउन र विद्यार्थीलाई सामुदायिक विद्यालयतर्फ आकर्षण गराउन कस्तो पहल रहेको छ ?**
– सामुदायिक विद्यालयमा पनि अंग्रेजी शिक्षा लागू गर्ने निर्णय गरेका छौं र धेरै विद्यालयहरूले त्यो निर्णयलाई पालन पनि गरेका छन् । नीजि विद्यालयहरूले जस्तो नीति अबलम्बन गरेर विद्यार्थीहरूलाई आकर्षित गरिरहेका छन्, सामुदायिक विद्यालयले पनि त्यस्तै नीति अपनायो भने विद्यार्थीको आकर्षण बढ्नसक्छ । सस्तोमा शिक्षा पनि पाउन सकिन्छ । अहिले संघीय सरकारबाट माध्यामिक तहमा कम्प्युटर उपलब्ध गराएर कम्प्युटर शिक्षा दिने गरिएको छ । अब हामीहरूले नगरपालिकाबाट निमावि र प्राविमा पनि कम्प्युटर उपलब्ध गराएर कम्प्युटरको कक्षा सुरू गर्छौं । जबसम्म आधुनिक शिक्षण प्रणाली सामुदायिक विद्यालयमा हुँदैन तबसम्म आकर्षण बढ्न सक्दैन । नीजि विद्यालयलाई चुनौती दिने खालको पढाई सामुदायिक विद्यालयमा हुने हो भने महँगो शुल्क तिरेर नीजि विद्यालयमा छोराछोरीलाई पढाइदैन ।

**० धार्मिक स्थलको रूपमा रहेको जलेश्वनाथ मन्दिरको सौन्दर्यीकरणको लागि कस्तो योजना रहेको छ ?**
– त्यहाँको विकास नहुनुको मुख्य कारण जग्गा नभएर हो । जलेश्वरनाथ मन्दिर अगाडि केही घरहरू रहेका छन् । ती घरहरूलाई हटाएर त्यहाँका मानिसहरूलाई व्यवस्थापन गर्ने र त्यहाँको जग्गा खाली गरेर पर्यटकहरूको लागि पार्किङको व्यवस्था गर्ने योजना छ ।

**० जलेश्वर जिल्ला अस्पतालको अवस्था एकदम दयनीय छ यसको सुधारको लागि के छ योजना ?**
– क्रमिक रूपमा होइन तत्काल नै यो विषयमा ध्यान दिनुपर्ने आवश्यक्ता छ । अस्पतालको समस्या र अवस्थाका विषयमा मन्त्रीहरूलाई जानकारी गराएका छौं । हामीलाई आश्वासन दिइएको छ । ५१ बेडसहितको अस्पताल बनाउने भनेर प्रक्रिया अगाडि बढिरहेको छ । आइयुसी पनि छैन, त्यो पनि बनाउनुपर्छ भनेर पनि हामीले प्रस्ताव राखेका छौं । अस्पतालको अवस्था सुधारको लागि प्रदेशले सहयोग नगरे पनि म आफ्नो नगरपालिकाबाट यो अस्पताललाई सुविधा सम्पन्न बनाउनेछु ।

## विश्व परिवेश

# विश्वको व्यापारलाई उथल-पुथल बनाउने अमेरिकी नीति

अमेरिकाले संसारभर राजनीतिक युद्ध र हस्तक्षेप हारेपछि व्यापार युद्ध शुरू गरेको छ । जुन युद्धमा पनि उसको पराजय हुने विश्लेषकहरूको तर्क छ । अन्तर्राष्ट्रिय सामाचार विवरणहरू अनुसार संयुक्त राज्य अमेरिकाले व्यापार युद्धलाई व्यापक बनाउँदै लगेमा एक वर्षभित्र अमेरिकी आर्थिक कृयाकलाप दुई प्रतिशत भन्दा बढीले घट्ने युरोपेली बैंकका अनुसन्धाताहरूले बताएका छन् । सो बैंकका अध्यक्ष मारिओ ड्राग़ी र विश्व व्यापार संगठनका प्रमुख रोबटो आज्भेडोले अमेरिकी राष्ट्रति डोनाल्ड ट्रम्पको अमेरिका प्रथम नीतिले विश्व अर्थतन्त्रमा संरक्षणवादको विजारोपण गरेको चेतावनी दिएपछि बैंकको यस्तो प्रक्षेपण सार्वजानिक भएको हो । अमेरिमा बाहेक सबैलाई समानरूपमा व्यापार युद्धमा राखिएको अवस्थामा सिर्जना हुने आर्थिक ढाँचाकाबारेमा फ्रान्कफर्टस्थित इसीबीका विज्ञले अध्ययन गरेका छन् । उनीहरूले वासिंटनले सबै आयातमा १० प्रतिशत कर वृद्धि गर्ने र त्यसको जवाफमा अमेरिकासंगका व्यापारिक साझेदारीले पनि त्यही शैली पछ्याउने हो भने अर्थ व्यवस्थानमा नकारात्मक असर पर्ने बताएका छन् । कर वृद्धिको प्रत्क्षय असर व्यापार मार्ने अवस्थामा ती अर्थशात्रीले सार्वजनिक तथा वित्तीय बजारको आत्माविश्वासमा देखिने प्रभावको अध्ययन गर्ने कोशिस गरेका थिए । यो विषय परिस्थितिमा विश्वको सेयर बजारमा कमी आउने र अमेरिकी बजारमा १६ प्रतिशतसम्मले गिरावट आउने छ । उनीहरूले तीन वर्षपछि कूल गार्हस्थ्य उत्पादनमा पनि एक प्रतिशतले कमी आउने प्रक्षेपण गरेका छन् । एउटा अर्थतन्त्रले कर वृद्धि गर्दछ र अर्कोले प्रतिशोध राखेर कर वृद्धि गर्दछ भने त्यहाँ परिस्थिति नाजुक हुनु बाहेक अर्को विकल्प नरहेको अर्थशास्त्रीको निचोड रहेको छ । व्यापारमा, अमेरिकी उपभोक्ता र फर्मले महँगोमा पाइने विदेशी सामानको सांटो अमेरिकी सामाननै किन्नेतर्फ लाग्ने भएकोले अमेरिकी सामानको पनि निर्यातमा स्वाभाविकरूपमै कमी आउँछ । अमेरिकी व्यापारिक साझेदार मुलुकहरूले खरिद पनि कटौनी गर्ने छन् । कम्पनीहरूले पनि लगानीमा कमी ल्याउनेछन् र कामदारलाई रोजगारी दिनेछन् । यही बीच यस व्यापार युद्धमा पहिले चरणमा चीनले जित्ने सम्भावना पनि देखिन्छ । अमेरिकासँगको व्यापारमा असर पर्ने अवस्थामा सम्भावना रहन्छ अमेरिकासँगको व्यापारमा असर पर्ने अवस्थामा सम्भावना रहन्छ । विश्व व्यापार युद्धको पछिल्लो परिदृश्यले नाटकीय असर सिद्धान्तमाथिनै अमेरिकाले चुनौती निम्त्याइरहेको बताउनुभइको छ । त्यसैगरी तांइवानलाई हतियार आपूर्ति गर्ने सहमतिको चीनले करोड अमेरिकी डलर बराबरको हतियार आपूर्तिगर्ने चीनले कडाविरोध गरेको हो । चीनले अमेरिकी कदमप्रति वासिंटनको भद्र ध्यानकर्षण गराएको छ । अमेरिकाको ताइवानलाई हतियार बेच्ने सहमतिले अन्तर्राष्ट्रिय कानुन र सम्बन्धबारे आधारभूत सिद्धान्तलाई व्यापक उल्लंघन गरेको छ, चीनको विदेशमन्त्रालयले गतसाता जनाएको छ । अमेरिका र तवाइनबीच हतियारसम्बन्धमा भएको सहमतिले चीन-अमेरिकाबीच भएका तीनवटा संयुक्त वक्तव्यको विरूद्धमा रहेको विदेशमन्त्रालयका प्रवक्ता गेङ सुवाङले सञ्चारकर्मीसँगको नियमित भेटका क्रममा बताउनुभएको थियो । यो एक चीन नीति चीनको सार्वभौम अधिकार र सुरक्षा चासोको विषयसमेत रहेको प्रवक्ता गेङले बताउनुभएको छ । त्यसैगरी अमेरिकी सरकारले व्यापार संरक्षणको कठोर उपाय गरेको र यसले विश्वको आर्थिक प्रणालीलाई नै अवमूल्यन गरेको चिनियाँ विदेश परिषद्को सूचना कार्यालयद्धारा जारी स्वेतपत्रमा जनाइएको छ । चीन -अमेरिका व्यापार तनावबारे तथ्य र चीनको अस्वथा नामक स्वेतपत्रमा अमेरिकी सरकारले लिएको संरक्षणवादी व्यापार नीतिले चीन-अमेरिका व्यापार तथा आर्थिक सम्बन्धलाई विगारेको छ । यसले विश्वको व्यापार सम्बन्ध, विश्व श्रम बजारलाई विभाजित गरेको र बजारका अपेक्षालाई गडबड बनाइएको चिनियाँ उक्त कार्यालयको ठहर छ । यि विविध कारणले गर्दा विश्व अर्थतन्त्रलाई उकास्ने बिषयमा अनिश्चिचता र खतरा बढाएको छ । चीनले अमेरिकी संरक्षणवादी कदमलाई नियन्त्रयण गर्न कुनै पनि मुलुकसँ प्रतिरक्षारत्मक उपाय सोच्नुको विकल्प नभएको पनि चिनियाँ भनाई रहेको छ । तर यसले विश्वको आर्थिक तथा व्यापारिक अवस्थालाई अवरूद्ध गर्ने र अन्त: विश्व अर्थतन्त्र सुधारका कामलाई सही दिशामा ल्याउन कठिनाई हुने उक्त अध्ययन रिपोर्टले जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुईसय अर्ब अमेरिकी डलर बराबरका चिनियाँ सामानको आयातमा कर वृद्धि गर्नेगरी पछिल्लोपटक गर्नुभएको घोषणा गत साताबाट लागूभएको छ । यो करवृद्धिले विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकबीचको व्यापारिक तनावलाई अझ बढाउने अनुमान गरिएको छ । यो सँगै अमेरिका प्रवेशगर्ने कूल २५० अर्ब अमेरिकी डलर बराबरका चिनियाँ करवृद्धि लागूभएको छ । चीनबाट अमेरिकी निर्यात हुने करिब आधा सामानमा अर्ब करको असर पर्नेछ । विभिन्न अध्ययनका अनुसार अमेरिकी अर्थतन्त्रमा पर्नेप्रभावको प्रतिरक्षा गर्दै राष्ट्रपति ट्रम्पले चीनको स्वच्छ व्यापारलाई बढावा नदिए चीनबाट आपूर्ति हुने सबै सामानमा करवृद्धि गर्ने चेतावनी दिनुभएको छ । चीनले खासगरी बजारको लोभ देखाएर अमेरिकी उच्च प्रविधि, रोजगारी र ठूला उद्योग सुटुक्क चीन लगेको अमेरिकाले आरोप लगाउँदै आएको छ । बदलामा बेइजिङले पनि ६० अर्ब डलर बराबरका अमेरिकी सामानमा करवृद्धि गर्ने घोषणा गरिसकेको छ । चीनले ५२०० किसिमका अमेरिकी सामानमा पाँचदेखि १० प्रतिशत करवृद्धि गर्ने लक्ष्य राखेको छ । यो सहित अमेरिकीबाट आयात हुने करिब ११० अर्ब डलर बराबरका सामानमा कर लाग्नेछ । अर्थात अमेरिकीबाट आयात हुने सबै वस्तुमा अब कर लाग्नेछ । राष्ट्रपति ट्रम्पले तेस्रो चरणको करवृद्धि पनि चेतावनी दिनुभएको छ । उहाँले चीनबाट आयात हुने अरू २६७ अर्ब डलर बराबरका सामानमा करवृद्धि गर्ने उल्लेख गर्नुभएको छ । यो चीन चेतावनी कार्यान्वयनमा आए चीनबाट आयात हुने सबै वस्तुमा करवृद्धि हुनेछ । विश्वका यी दुई ठूला अर्थतन्त्र भएका मुलुकबीचको संवाद पनि पछिल्ला समय पातलिएको छ । वाल स्ट्रिट जर्नलकारअनुसार चीनले सेप्टेम्बरमा वासिंटन पठाउने भनिएको वार्ता टोलीको यात्रा कार्यक्रम रद्द गरेको छ । गत अगष्टको अन्त्यतिर भएको वार्तामा पनि खासै प्रगति भएको थिएन । अन्तरराष्ट्रिय मुद्रा कोषले पछिल्ला व्यापारिक तनावले आर्थिक वृद्धिमा कमी आउने प्रक्षेपण गरेको छ । कोषका प्रवक्ता गेरी राइसले करवृद्धिले दुवै मुलुकका साथै विश्वका अन्य राष्ट्रमा पनि प्रभाव पार्ने बताउनुभएको छ । विश्लेषकहरूका विगत केही समयदेखि समस्याका रूपमा देखिँदै आएको संरक्षणवादी व्यापार नीतिले आर्थिक दृष्टिकोणले विश्वका दुई शाक्तिशाली मुलुकले एक आपसमा आरोप प्रत्यारोप गर्दै अधिबढेको देखिन थालेको छ । अमेरिकी र चिनियाँ सरकारले एकअर्काको देशबाट आयात गरिने सामानमा भन्सार शुल्क बढाएका छन् । विश्वका दुई ठूला अर्थतन्त्रबीच जारी खिचातानीले व्यापार युद्धको रूप लिइसकेको छ । दुबैतर्फबाट एकले अर्कालाई कमजोर पार्ने खेल शुरू भइसकेको देखिन्छ । अमेरिकाले स्टील र एलुमिनियमको आयात शुल्क बढाएपछि चीनले पनि बदलामा करिब ६० अर्ब अमेरिकी डलर बराबरको शुल्क वृद्धिको घोषणा गरेको थियो । वासिंटनले अमेरिकाबाट बढी समान आयात गर्ने मुलुकलाई दिएको छुट चीनलाई वाइन, फलफूल र सुक्का मेवा जस्ता अमेरिकी वस्तुको आयातमा भन्सार शुल्क बढाएको छ । तर अमेरिका र चीनले जुन कदम चालेका छन् चलिरहेको छ,, त्यसको आर्थिकरूपमा गम्भीर संघर्ष बढाउने काम गरिरहेको जानकारहरूको भनाई छ । चीन र अमेरिकालाई मात्र न भै विश्वका यी दुई शाक्तिराष्ट्रसँग व्यापारिक सम्बन्ध राख्दै आएका अन्य मुलुक पनि यसबाट प्रत्यक्ष वा परोक्षरूपमा प्रभावित बन्ने देखिन्छ । गतवर्ष अमेरिकाले चीनबाट तीन अर्ब डलरको स्टील र एलुमिनियम आयात गरेको थियो । अमेरिकाले शुल्कशुरूमा आफ्नो स्टील र एलुमिनियममा कर वृद्धि गर्नुको कारण राष्ट्रिय सुरक्षाको विषय भएको जनाएको थियो । उसको आफ्नो सेता धातुहरूको आयातमा निर्भर हुन नहुने र सबै छुटहरूका बावजुद भन्सार शुल्क बढाएको देश चीनको मात्रै नभएको तर्क गर्ने गरेको छ । तर अन्य मुलुकले यस प्रशंगमा अमेरिकासँग आम्नेसाम्ने भएर चीनकै दाँजोमा विवाद गर्न खोजेको देखिँदैज । प्रायले त्यो क्षमता राख्दैंनन । चीन विरूद्धको कदम अमेरिकाको खासगरी आफ्नो बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकारको चोरी रोक्ने पहलसमेत भएको अमेरिकी ट्रम्प प्रशासन निकट मानिने अर्थविद्ले बताउने गरेका छन् र गत साता चीनले अमेरिकी नीतिप्रति केही आक्रोश व्यक्त गर्दै भनेको थियो -घाँटीमा छुरा राखेर संयुक्त राज्य अमेरिकासँग वार्ता हुन सक्दैन । वासिंटनले चिनियाँ सामानमा कर वृद्धि गरिरहनुले देखाउन वार्ताका कुरा गर्नेतर फरक लक्ष्य लिएर अघि बढेको जस्तो देखिएको चीनको बुझाई रहेको देखिन्छ । अमेरिकाले दोस्रो चरणमा चीनबाट आयात गर्ने करिब दुई खर्ब सामानमा कर वृद्धिको घोषणा गरेको एक दिनपछि बोल्दै चिनियाँ उप वाणिज्य मन्त्री वाङ सुवेनले चीन वार्ताका लागि तयार छ तर दुवै पक्षले एक अर्कोलाई समानता र सम्मान साथ व्यवहार गर्नु जरूरी छ भन्नु भएको थियो । उहाँले प्रेस ठूलो मात्रामा व्यापारमा कड्याई गर्नु नीति । लिएको छ । उनीहरूले कसैको घाँटीमा चक्कु राखेर धम्क्याउने जस्तो व्यवहार देखाएका छन् । यस्तो वातावरणमा कसरी वार्ता अघि बढ्न सक्छ । अमेरिकी अधिकारी चीनसँग वार्ता गर्न तयार रहेको बताउँछन् भने चीनले पनि केही हप्ता पहिले वार्ताका लागि आफ्नो इमान्दार पहल रहने बताएको थियो । बढ्ने विवादलाई मत्थर पार्न दुवै पक्ष विश्व व्यापार संगठनको प्रक्रियालाई पनि साथ लिने कोशिस गरिरहेको छन् । उदाहरणका लगि अमेरिकाले बौद्धिक सम्पत्तिलाई लिएर चीनसँग परामर्श गरेको गर्ने बारे डब्ल्युटिओसँग परामर्श गरेको छ । डब्ल्युटीओसँगको परामर्श प्रक्रिया समस्या समाधानका लागि पहिलो विकल्प हो । जसअनुसार डब्ल्युटीओसँग एउटा स्वतन्त्र प्यानल गठन गरी नियम उल्लंघन भए वा नभएको समस्याको समाधानको विकल्प खोज्न खासै चासो देखाएका छैनन् । यो प्रक्रिया निकै लामो र झन्झटिलो पनि हुनसक्छ र निर्णय उजुरीकर्ता कम्पनीकै पक्षमा हुन्छ भने पनि छैन । अमेरिका र चीनबीच जारी खिचातानीले विश्व व्यापार बजारलाई निकै तताएको छ । समस्याको समाधान ननिस्केमा यसले एसियालि अर्थतन्त्रलाई पनि प्रभावित पार्न सक्छ किनकि चीन एशियाली बजारमा एक आर्थिक हस्ती हो । लगानीकर्ता तथा वित्तिय बजारबाट आइरहेका प्रतिक्रियाले दुई आर्थिक हस्तीको टकरावलाई टाने सकिने सङ्केत दिइरहेका छन् । वार्ताबाट विवादलाई अन्त्य गर्न सकिन्छ भन्नेमा उनीहरू विश्वस्त छन् । हुनत: अमेरिकी वित्तमन्त्री स्टेभेन मन्युचनले चिनियाँ अधिकारीलाई नयाँ वार्ताका लागि आग्रह गर्नुभएको छ तर राष्ट्रपति ट्रम्पको २६७ अर्ब अमेरिकी डलर बराबरको चिनियाँ सामानामा कर वृद्धिको तयारी रहेको भन्ने चेतावनीपूर्ण भनाइसँग यो पूर्णतया विराधाभारपूर्ण देखिन्छ । चिनियाँ उप-वाणिज्य मन्त्री वाङले अमेरिकी अधिकारीसँग गत अगष्टमा भेटेपछि यस सम्बन्धमा उच्च तहको वार्ता दूई देशबीच भएको छैन । चीनको बुझाइमा गत के महिनामा भएको सहमतिलाई वेवास्ता गरेको वार्ता हुन असम्भव छ । तर उक्त सहमतिपछि तत्कालै अमेरिकी कर वृद्धि भएकाले अमेरिका-यसप्रति जवाफदेही हुने देखिँदैन । चिनियाँ सरकारी निकायहरूका उच्च पदाधिकारीले बेइजिङद्धारा सार्वजनिक गरेको स्वेत पत्रमा सार्वजनिक व्यापार मामिलासँग आधारित हुँदै अर्का उप-वाणिज्य मन्त्री फु जियिङले अमेरिकी केही अधिकारीले अस्वस्थ प्रतिस्पर्धी अभ्यासलाई चीनले अघि बढाउँदा दूई देशको व्यापार घाटा बढेको भन्ने आलोचना गलत भएको बताउनुहुन्छ । उहाँले उक्त दाबी तथ्यहीन तथा गलत सूचना फैलाउने अभिप्रायबाट उत्प्रेरित भएको बताउनुहुँदै अमेरिकी कम्पनी तथा फर्महरूको प्रत्येक वर्ष चीनमा ७०० अर्ब अमेरिकी डलर बराबर आम्दानी गर्ने गरेको जानकारी गराउनु भएको छ । अमेरिकीले अहिलेसम्म दुई चरणमा २५० अर्ब डलर बराबरको चिनियाँ सामानमा कर बढाएको छ भने बदलामा चीनले ११० अर्ब अमेरिकी डलर बराबरको सामानमा कर वृद्धि देशको अर्थतन्त्रलाई धारासायी त बनाउँछ नै यस बाहेक विश्व आर्थिक विकासमा समेत हानी गर्ने विज्ञहरूले जनाएका छन् । चीनले गतवर्ष आफ्नो विदेश व्यापारको १९ प्रतिशत सामान अमेरिकालाई निर्यात गरेको गत साता जारी श्वेतपत्रमा उल्लेख छ । चीनमा उत्पादन गर्दै आएका विदेशी फर्महरूले अमेरिकी पछिल्लो कर वृद्धिबाट इलेक्टोनिक तथा फर्निचरका धेरै उत्पादनमा प्रभाव पारेको जनाएका छन् । यो समस्या थप विकराल बन्ने विभिन्न चिनियाँ सर्वेक्षणहरूले देखाएका छन् । यसरी अमेरिकाले विश्वको व्यापारलाई नै उथन पुथल बनाउन जे नीति अख्तियार गरेका कारण यसको प्रभाव नेपाल लगायतका साना राष्ट्रहरूमा पनि नकारात्मक रूपले पर्ने देखिएको छ ।

– देशप्रेमबाट

# चीनमा मुस्लिमप्रति नश्लीय विभेद

एजेन्सी । संयुक्त राष्ट्र संघको एक मानवअधिकार संस्थाले चीनले चरमपन्थी उइगर समुदायका झण्डै २० लाख मानिसलाई बन्दी बनाएर राखेको ताजा रिपोर्ट सार्वजनिक गरेको छ । रिपोर्ट अनुसार, संयुक्त राष्ट्र संघको नश्लभेद उन्मूलन समितिकी एक सदस्य गे म्याकडौगलले चीनसम्बन्धी संयुक्त राष्ट्र संघको दुई दिवसीय बैठकमा यसको खुलासा गरेका हुन् ।

चीनको उक्त कदमप्रति चिन्ता जनाउँदै उनले बेइजिङ्गले उइगर स्वायत क्षेत्रलाई विशाल नजरबन्दी शिविरमा परिवर्तन गरेको जनाएका हुन । यद्यपी चीनले संयुक्त राष्ट्र संघको यस रिपोर्टकासम्बन्धमा अहिलेसम्म कुनै प्रतिक्रिया जनाएको छैन । उसले यसअघि पनि यसप्रकारका शिविर सञ्चालन भएको तथ्यलाई अस्वीकार गर्दै आएको छ ।

उइगर मुख्यत: चीनको शिनजियाङ्ग प्रान्तमा बसोबास गर्ने मुस्लिम जातीय अल्पसंख्यक हुन । उनीहरूको जनसंख्याको करिब ४५ प्रतिशत मानिस त्यहाँ बसोबास गर्दै आइरहेका छन् । एमनेस्टी इन्टरनेशनल र मानव अधिकार वाच समेत अन्य मानव अधिकार संगठनहरूले संयुक्त राष्ट्रको उक्त नश्लभेद उन्मूलन समितिमा यसप्रकारको रिपोर्ट प्रस्तुत गरेका हुन । जसमा ती शिविरहरूमा सामूहिक बन्दी बनाइएको भन्ने दाबी गरिएको छ । उनीहरूलाई बन्दी मात्र बनाइदैन, बलजफ्ती चीनका राष्ट्रपति सी जिनपिङ्गको वफादारीप्रति कसम पनि दिलाइन्छ ।

विश्व उइगर काँग्रेसले पनि ती बन्दीहरूलाई बिना आरोप, बिना आधार बन्दी बनाएर राखिएको जनाएको छ । उसले ती बन्दीहरूलाई जबरजस्ती कम्युनिस्ट पार्टीको नारा लगाउन पनि बाध्य पारिएको उल्लेख गरेको छ । रिपोर्टअनुसार, अधिकांश बन्दीहरूमाथि अपराधको कुनै आरोप छैन र उनीहरूलाई कुनै पनि प्रकारको कानूनी प्रतिनिधि दिइएको छैन ।

यो रिपोर्ट त्यतिबेला उजागर भयो जब चीनको कयौं स्थानमा धार्मिक तनावको स्थिति उत्पन्न भएको थियो । निङ्गसिया क्षेत्रमा हजारौं मुस्लिमहरूले आफ्नो मस्जिदलाई आक्रमणबाट जोगाउन खोज्दा चिनियाँ अधिकारीहरूसँग झडप पनि भएको थियो ।

युरोपियन स्कूल अफ कल्चर एन्ड थियोलोजीका एड्रियन जेनजका अनुसार यी शिविरहरमा तीन प्रकारले मुस्लिमहरूको सोच परिवर्तन गर्ने काम भइरहेको छ । जसमध्ये शिक्षा प्रशिक्षण केन्द्र, कानूनी प्रणाली स्कूल र पुनरवास सुधार केन्द्र प्रमुख हुन् । यति मात्र होइन, जब शिविरहरूमा ती मुस्लिमहरूलाई खाना दिइन्छ त्यतिबेला उनीहरूलाई 'धन्यवाद पार्टी', 'धन्यवाद मातृभूमि', 'धन्यवाद राष्ट्रपति सी' भन्न बाध्य पारिन्छ । यसो नभन्नेहरूलाई कयौं घन्टासम्म उभ्याइन्छ भने एकान्त रूपमा कैद गरिने या खाना न दिनेजस्ता सजाय पनि दिइन्छ ।

## जिल्ला समाचार

### प्रदेश प्रमुखद्वारा शुभकामना

जनकपुरधाम । हिन्दुहरूको महान चाड विजया दशमीको अवसरमा प्रदेश नं. २ का प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले शुभकामना दिएका छन् । बडा दशै २०७५ को सुखद अवसरमा प्रदेश नं. २ का साथै स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरूमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गरेका छन् । साथै उनले यस चाडपर्वले धार्मिक, सांस्कृतिक, जातीय तथा भाषिक विविधतालाई आपसमा गाँसेर सामाजिक सद्भाव र आपसी भाईचारा कायम गर्न सकोस् भनी हार्दिक मंगलमय शुभकामना व्यक्त गरेका हुन् ।

### भव्य कलश यात्रा निकालियो

रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ७ मुडवालवामा आयोजित दुर्गा पूजा समितिको आयोजनामा भव्य कलश शोभा यात्रा सम्पन्न भएको छ । दशैंको पहिलो दिन घटस्थापनाको अवसर पारेर पूजा समितिले कलश शोभा यात्रा आयोजना गरेको थियो । विगत ७ वर्षदेखि निरन्तर रूपमा हुँदै आएको पूजा ८औं वर्ष पनि धूमधामका साथ गरिँदैछ । नव निर्मित भवनमा पूजा आयोजना गरिएको पूजा समितिले जनाएको छ । पूजा स्थलबाट ४५१ कुमारी कन्याको साथमा निकालिएको कलश शोभा यात्रामा गाउँका महिला पुरूष युवा गरी ३ हजार जना सहभागी भएको थियो । बजागाजासहित निस्किएको शोभा यात्रा राजदेवी हुँदै बागमती नदीमा पुगेर विधिपूर्वक जल लिएर यज्ञ स्थलमा फर्केको समितिका अध्यक्ष राम मंगल यादवले बताएका छन् । कलश शोभा यात्रामा सहभागी भएका श्रदालु महिला, पुरूष, बालिकाहरूलाई सामुदायिक युवा रेडक्रस सर्कलका सदस्यहरूले सर्वत खुवाएका थिए । घटस्थापना अघि पूजा समितिको आयोजनामा गाउमा सरसफाई गरिएको थियो ।

### तराई हस्पिटलको प्रथम वार्षिकोत्सव

वीरगंज । तराई हस्पिटल एण्ड रिसर्च सेन्टर वीरगंजले आफ्नो प्रथम वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी मनाएको छ । वार्षिकोत्सवको अवसर पारेर तराई हस्पिटलले रक्तदान एवम् वीरगंजमा वर्षौंदेखि स्वास्थ्य सेवामा योगदान पुर्याउँदै आएका वरिष्ठ चिकित्सकहरूलाई एक कार्यक्रमको आयोजना गरी सम्मान गरेको हो । अस्पताल परिसर मै विहान ७ बजेदेखि सुरू भएको रक्तदान कार्यक्रममा महिला सहित ५६ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा वीरगंजमा रही २ दशकदेखि वीरगंजको स्वास्थ्य सेवामा अहम् योगदान पुर्याउने डा रामअवतार खेतान, डा.सागरमान अमात्य, डा.श्यामसुन्दर दास, डा.गोपाल प्रसाद गजुरेल, डा.जगदीश अग्रवाल, डा.मञ्जुलता अग्रवाल, डा.विर सिंह थापा र डा. विरेन्द्र कुमार झालाई दोसल्ला ओढाई कदर पत्रसहित सम्मान गरिएको थियो । कार्यक्रममा अस्पतालमा कार्यरत कर्मचारीहरूमध्ये उत्कृष्ट कार्य गर्ने एकजना कर्मचारीलाई कदरपत्रसहित सम्मान गरिएको थियो साथै एक वर्षदेखि निरन्तर अस्पतालमा कार्यरत कर्मचारीहरूलाई समेत कदरपत्रसहित सम्मान गरिएको थियो । त्यसैगरी, वार्षिकोत्सवको अवसरमा अस्पतालमा उपचारार्थ रहेका विरामीहरूलाई फलफुल समेत वितरण गरिएको थियो । अस्पतालका संचालक सदानन्द कुर्मी र रामाश्रय प्रसाद कुर्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा डा.रोशन कुर्मीले अस्पतालको अवस्था र भावी रणनीतिका बारेमा प्रकाश पारेका थिए । कार्यक्रमको संचालन विपिन चौरसियाले गरेका थिए भने स्वागत मन्तव्य अजय गुप्ताले गरेका थिए ।

### डाईनोसिस एण्ड रिसर्च सेन्टर स्थापना हुने

रूपन्देही । रूपन्देहीमा क्यान्सर डाईनोसिस एण्ड रिसर्च सेन्टर स्थापना हुने भएको छ । रोटरी क्लबहरूको पहलमा रूपन्देहीमा क्यान्सर अस्पताल निर्माण गर्न थालिएको हो । रोटरी क्लब अफ बुटवलको अगुवाईमा तिलोत्तमाको मणिग्राममा आईतबार भएको विस्तारित भेलामा सहभागी रोटरीयनहरूले यस क्षेत्रमा क्यान्सर अस्पतालको अभाव रहेकाले संचालन गर्नु पर्नेमा जोड दिए । क्यान्सर अस्पताल संचालनको लागि सहकार्य गर्न तयार रहेको रोटरी इन्टरनेश्नल डिष्टिक ३२९२ अन्तरगत जोन फाईवका रोटरी क्वलका अध्यक्ष तथा प्रतिनिधिहरूले बताएका छन । उनिहरूको एउटै भनाई छ- क्यान्सर अस्पताल अति आवश्यक छ सहयोगको लागि हामी तयार छौं । जोन फाईभका २१ बटा क्लबहरूले क्यान्सर अस्पताल स्थापना गर्ने अभियानमा साथ दिने प्रतिवद्धता पछि अभियान्ताहरू उत्साहित भएका छन । क्यान्सर अस्पताल स्थापनाको लागि श्रोत जुटाउने कार्य शुरू भएको संयोजक हुतानन्द खनालले जानकारी दिए । उनले रोटरी क्लबहरूको सहयोग तथा सहकार्य गर्ने प्रतिवद्धताले आफूहरू उत्साहित भएको बताए ।

### प्राध्यापक संघमा रायमाझी

कपिलवस्तु । कपिलवस्तु बहुमुखी क्याम्पस तौलिहवामा अध्यापनरत प्राध्यापकहरूको छाता संगठन प्राध्यापक संघको निर्वाचन सम्पन्न भएको छ । निर्वाचनबाट विष्णु बहादुर सिंह रायमाझीको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति चयन गरिएको छ । उपाध्यक्षमा महवुव आलम, सचिवमा रजनिश पाण्डेय, सह सचिवमा नरेश खनाल, कोषाध्यक्षमा होतराज खनाल निर्वाचित भएका छन् । त्यस्तै सदस्यहरूमा राधेश्याम मिश्रा, एम पि गैरे, रामदिन थारू, सिता अर्याल,श्याम धवल र रमेश गुप्ता रहेका छन् । नव निर्वाचित समितिलाई क्याम्पस प्रमुख नवराज तिवारी, सहायक क्याम्पस प्रमुख विनय पाण्डेय, पुर्व क्याम्पस प्रमुख विष्णुदेव यादवले वधाई तथा शुभकामना प्रदान गरेका थिए ।

### आन्दोलनका घाइतेलाई सहयोग

जनकपुरधाम । मधेश आन्दोलनका घाइते विजय कुमार ठाकुरलाई प्रदेश सरकारले एक लाख ५० हजार रकम सहयोग उपलब्ध गराएको छ । प्रदेश सरकारले मधेश आन्दोलन क्रममा घाइते भएका हरूलाई सहयोग गर्ने प्रतिवद्धता जनाए अनुरूप प्रथम मधेश आन्दोलनको क्रममा गम्भीर घाइते भई एउटा खुट्टा समेत गुमाएका पिपरा गाँउ पालिका वडा नं. ५ रतौलीका ठाकुरलाई सो सहयोग रकम हस्तान्तरण गरिएको हो । घाइते ठाकुरको गृह नगर रतौलीमै आयोजित मधेश आन्दोलनका घाइतेहरूको सम्मान कार्यक्रममा मुख्यमन्त्री मो.लालबाबु राउतले उक्त रकमको चेक घाइते ठाकुरलाई हस्तान्तरण गरेका छन् । मधेश आन्दोलनकै बलमा मुलुकमा संघीयता स्थापित भई प्रदेश नं. २मा मधेशी जनताको भावना बमोजिम सरकार गठन भएको उल्लेख गर्दै मुख्यमन्त्री राउतले उनिहरूको बलिदानीलाई प्रदेश सरकार आत्मसाथ गरेर अघि बढने बताए । प्रदेश सरकारले शहीद परिवारलाई रोजगारी दिने गरेको निर्णय अनुरूप आफनो काम शुरू गरि सकेको उल्लेख गर्दै उनले क्रमश: शहीद परिवारलाई योग्यता र क्षमताको आधारमा रोजगारी दिइने प्रतिवद्धता समेत दोहऱ्याए ।

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरू**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**




काठमाण्डौं ७ का निर्वाचित सांसदलाई राजीनामा गराएर बर्दियाबाट हारेका वामदेव गौतमलाई संसदमा पुर्याउन अर्को खर्चिलो चुनाव गराउनु लोकतन्त्रको भ्रष्टीकरण र आगामी दिनमा चरम राजनीतिक अनिष्टताको संकेत हो । बेलैमा होश पुर्याऔं । दलीय घेराभन्दा माथि उठेर लोकतन्त्रको रक्षा र समृद्धीकरण गरौं । **बाबुराम भट्टराई**


नेपाली कांग्रेसमा गगन थापाजीले कृयाशिल सदस्यलाई पार्टी सभापती चुन्ने अधिकार दिँउ भन्नु भएछ । दुनियाँले सहजै अनुमान गर्न सक्छ कि कांग्रेसले यो कुरा मान्ने छैन । तर हामीले उठाएको सहभागितामुलक लोकतन्त्रको अलिकती बहस काङ्ग्रेसमा पनि छिरेको सुन्न पाउंदा खुशी लाग्यो । **डम्बर खतिवडा**


उपभोक्तावादीहरू भन्छन् "उद्योगीहरूलाई एक केजी चिनी तयार गर्न ३५-३७ रूपियाँ लगानी पर्छ" तर उद्योगीले भन्छ "एक केजी चिनीमा हाम्रो लगानी ५०-६० रूपियाँ पर्छ ।" हामी आम उपभोक्ताले कसको कुरा पत्याउने ? **सुरेश कुमार यादव**


धनलोलुप्त महावीर र पदलोलुप्त वामदेव प्रवृत्तिको नेपाली राजनीतिबाट अन्त्य हुनुपर्छ । यो जनताको जनादेशको घोर अपमान हो । काठमाण्डौ ७ (राजधानी) का जनताले यस अपमानको बदला बुद्धि पुर्याएर मतदानबाट लिनुपर्छ । **सुरेश मण्डल**


मधेशी समाजको भविष्य नेपालभित्र व्यवस्थित, मर्यादित र सुरक्षित छैन । यहि कारणले "मधेश देश" को लोकप्रियता मधेशी समाजमा 'भाईरल' भएको हो । केही कमीकमजोरी मधेशवादी दलको पनि छ तर सबै जनतालाई मिलाएर अगाडि बढाउने दायित्व राज्य र सरकारको होइन र ?यदि यस्तो गर्न सकेको खण्डमा मधेश अलग देशको कुरा नै आउँदैन । **सन्तोषी साह**


संविधान वा राज्यका अन्य व्यवस्थाप्रती असन्तुष्टि छ भने सुधार गर्दै जान सकिन्छ । तर देश विखण्डन गर्ने बिषय कुनै हालतमा अभिव्यक्ति स्वतन्त्रता, मानवअधिकार, लोकतन्त्र र हाम्रो लागि सैय विषय हुन सक्दैन । यो देश बिरूद्धको अपराध हो । **संगीता रेग्मी**


बामदेव गौतमको उम्मेदवारीको प्रयत्नले लोकतन्त्र, अद्यावधिक निर्वाचनको ठाडै उपहास गरेको छ, कसैको पद आशक्तीको रहर पूरा गर्न नेकपा नेतृत्वले गरेको जोडबल निन्दनिय छ । ५ बर्ष कुर्न नसक्ने उनै गौतम चुनाव उठेमा सबै मिलेर हराउनु पनि पर्छ । **प्रकाश तिमल्सिना**


भारतले बाटो बन्द गरिदियो, हामी कहाँ हिंड्नु भन्दै गुनासो लिएर प्रम भेट्न आएका सुस्तावासी प्रमले भेट नदिएर रूँदै फर्के, डा.केसीको समाजवादको विश्वास गर्ने र माइतीघर तताउने हाम्रो सभ्य, संवेदनशील समाजले यसमा केही बोल्न जरूरी ठानेन । यसो समाजको ऐना हेर्दा समृद्ध नेपाल टाढा छ जस्तो लागेन । **तिर्थ प्रसाई**


विद्यासुन्दरको निरीहताले वाक्क भएका बेला,निर्मला बलात्कार हत्याकाण्डको रापले तातिएको बेला,रामवीर मानन्धरले जनतालाई गरेको घातका बेला वामदेवको सत्तालिप्साका नाममा चुनावलाई खेलौना सोच्ने नेकपाको निर्णय वामदेवको राजनीतिक सन्यासको अन्तिम रिहर्सल बन्नुपर्छ काठमाडौं ७ को उपनिर्वाचन । **ओम कुमार थापा**

# 'तेकिएकै समयमा रेलमार्ग पूरा हुन्छ'

काठमाडौं । रक्सौल-काठमाडौं विद्युतीय रेलमार्ग निर्माणको काम निर्धारित समयमै पूरा हुने भारतीय नीति आयोगका उपाध्यक्ष राजीव कुमारले बताएका छन् । भारतको नीति तथा योजना निर्माण गर्ने उच्च संस्थाका उपाध्यक्ष कुमारले रेलमार्गका लागि उल्लेखनीय रूपमा काम भइसकेकाले तोकिएको समयमै पूरा हुने बताए । काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले रक्सौल काठमाडौं रेलमार्गका लागि वास्तवमै काम भइरहेको र समयमै निर्माण पूरा हुने बताए । यो रेलमार्गले काठमाडौंलाई भारतसँग



जोड्ने भएकाले यसको महत्व धेरै हुने उनले बताए । यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एक वर्षभित्रै रक्सौल-काठमाडौंको डीपीआर निर्माण गर्न निर्देशन दिएका थिए । काठमाडौंमा सम्पन्न बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगाल खाडीकाको प्रयास ( बिमस्टेक) सम्मेलनमा नेपाल आएको समयमा भारतीय प्रधानमन्त्री मोदीले उक्त निर्देशन दिएका थिए । समझदारीअनुसार भारत सरकारको लगानी रहेको कोंकन रेलवे कर्पोरेसन लिमिटेडले रेलवे अध्ययन (सर्भे) को काम सुरू गरिसकेको छ । उक्त कम्पनीले अध्ययन कार्य पूरा गरिसकेपछि अन्य अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारी र निर्माण प्रक्रियाका लागि बाटो खुला भएको छ । यो रेलमार्ग करिब १ सय २० किलोमिटर दूरीको हुनेछ ।

## भारतीय दूतावाससँग एम्बुलेन्स र दमकल माग

काठमाडौं । गण्डकी प्रदेश सरकारले मन्त्रिपरिषद\बाट निर्णय गरेर भारतीय दूतावाससँग एम्बुलेन्स र वारूणयन्त्र माग गरेको छ । प्रदेश सरकारको मन्त्रिपरिषद बैठकले एम्बुलेन्स र वारूणयन्त्र माग गर्ने निर्णय गरेको हो । प्रदेशभित्रका स्थानीय तह र सामाजिक संघसंस्थाका लागि भारतीय स्वतन्त्रता दिवसको अवसरमा गण्डकी प्रदेशले केही एम्बुलेन्स र दमकल माग्ने निर्णय गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद\को कार्यालयका सचिव लालमणि ओझाले जानकारी दिए । उनले भारतीय स्वतन्त्रता दिवसमा यो प्रस्ताव गर्ने निर्णय भएको बताए ।

## "लोकगीतलाई संरक्षण गर्नुपर्छ"

काठमाडौं। भारतका प्रसिद्ध गायक कुमार सानुले नेपाली लोकगीतलाई नयाँ पिढीले संरक्षण गर्नु पर्ने बताएका छन् । एक कार्यक्रममा सहभागी हुन नेपालको लुम्बिनी आएका बेला गायक सानुले पत्रकारसँगको संक्षिप्त कुराकानीमा बलिउड क्षेत्रमा आएको विकृतिका पछि नलागी आफ्नो परम्परागत गीत सङ्गीतलाई संरक्षण गर्न आग्रह गरे। नेपाल र नेपालीको लोक भाका, संस्कृति र गीत सङ्गीत निकै राम्रा रहेको बताउँदै उनले नेपालीहरूको मायाले गर्दा नै आफुले धेरै नेपाली गीत गाएको र नेपाल आएको बताए ।

## आर्थिक समाचार

### ग्लोबल आइएमईको प्रमुख कार्यकारी अधिकृतमा ढकाल नियुक्त



काठमाडौं । ग्लोबल आइएमइ बैंक लि. को नायव प्रमुख कार्यकारी अधिकृतमा महेश शर्मा ढकाल नियुक्त भएका छन् । बिहिबारदेखि कार्यभार सम्हालेका नायवप्रमुख कार्यकारी अधिकृत ढकाल यसअघि मेगा बैंकमा सिनियर डेपुटी जनरल म्यानेजरको रूपमा कार्यरत थिए । अर्थशास्त्रमा स्नातकोत्तर ढकाल चार्टर्ड एकाउन्टेन्ट समेत हुन् । बैंकिङ्ग क्षेत्रमा १८ वर्षभन्दा बढिको अनुभव सँगालेका ढकाल तत्कालिन टुरिजम डेभलपमेन्ट बैंक र सिद्धार्थ डेभलपमेन्ट बैंकमा प्रमुख कार्यकारी अधिकृतको रूपमा र नेपाल बैंक लि. मा डेपुटी जनरल म्यानेजरको साथै केहि समय व्यवस्थापन समूहको संयोजकको रूपमा समेत कार्यरत थिए ।

### आइएमई र भेनसबीच सम्झौता

काठमाडौं । काठमाडौं पानीपोखरीस्थित केन्द्रीय कार्यालय रहेको आइएमई लिमिटेड र मध्यबानेश्वरमा अवस्थित भेनस अस्पतालबीच सम्झौता भएको छ । सम्झौताअनुसार आइएमई प्रिभिलेज कार्डवाहक सेवाग्राहीहरू र आइएमईमा कार्यरत कर्मचारीहरूले भेनस अस्पतालको सेवामा क्रमश: १०र १५ प्रतिशत विशेष छुट पाउनेछन् । यो छुटसुविधा अस्पताल भित्रको सेवामा मात्र लागु हुनेछ भने अस्पतालको फार्मेसी सेवामा सेवाग्राहीहरू र कर्मचारीहरू दुवैले जम्मा १० प्रतिशत छुट प्राप्त गर्न सक्ने छन् । सेवाग्राहीहरू हकमा यो सुविधा लिनका लागि आइएमईले प्रदान गरेको आइएमई प्रिभिलेज कार्ड र कर्मचारीहरूले आइएमई केन्द्रीय कार्यालयले जारी गरेको परिचयपत्र अस्पतालको ओपीडी शाखामा देखाउनुपर्नेछ । सम्झौतापत्रमा आइएमई लिमिटेडका तर्फबाट बजार अधिकृत अविनाश श्रेष्ठ र भेनस अस्पतालको तर्फबाट अध्यक्ष श्रीराम ढकालले हस्ताक्षर गरेका छन् । यो सम्झौता सम्झौतापत्रमा हस्ताक्षर भएको मितिले २ वर्षसम्मका लागि लागु हुनेछ ।







हिन्दूहरूको महान पर्व विजया दशमी (बडा दशैं), शुभ दीपावली (तिहार) तथा छठको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनी तथा मित्रबन्धु र राष्ट्रप्रेमीहरूमा सुख, शान्ति र समृद्धिको

हार्दिक मंगलमय शुभकामना ।



राजीव झा

महासचिव, राष्ट्रिय जनता पार्टी नेपाल







### लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा मधेशवाणीमा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ ।

Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं